
# लेखापरीक्षण प्रतिवेदन

## सिद्धलेक गाउँपालिका, धादिङ

आर्थिक वर्ष २०८१/८२



**महालेखापरीक्षकको कार्यालय**

काठमाडौं, नेपाल

# लेखापरीक्षण प्रतिवेदन

# सिद्धलेक गाउँपालिका, धादिङ

आर्थिक वर्ष २०८१/८२

**महालेखापरीक्षकको कार्यालय**

काठमाडौं, नेपाल

## दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था

*(Be a Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य (MISSION)

स्वतन्त्र एवम् गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

*(Provide Independent and Quality Audit Service)*

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| स्वतन्त्रता | *(Independence)* |
| निष्ठा | *(Integrity)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |
| व्यावसायिकता | *(Professionalism)* |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८१।८२ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फस्यौंटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फस्यौंट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

**(तोयम राया)**

**२०८३ वैशाख** **महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय,बागमती प्रदेश
काठमाडौं

प.सं.:2082/83 मिति : २०८३-१-३०
च.न :APPROVED/FAR/2081-82/LOC/791

श्रीमान् अध्यक्षज्यू,
सिद्धलेख गाउँपालिका,

गाँउकार्यपालिकाको कार्यालय, धादिङ।

**विषय - लेखापरीक्षण प्रतिवेदन सम्बन्धमा ।**

लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा (२) बमोजिम त्यस पालिकाको आर्थिक वर्ष ०८१।०८२ को लेखापरीक्षण सम्पन्न गरी तयार गरिएको लेखापरीक्षण प्रतिवेदन यसैसाथ संलग्न गरी पठाइएको व्यहोरा जानकारीका लागि अनुरोध छ।

( घनश्याम काफ्ले )
नायब महालेखापरीक्षक

**महालेखापरीक्षकको कार्यालय**
**Office of the Auditor General**
**प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय,बागमती प्रदेश**
**काठमाडौं**

प.सं.:2082/83 मिति : २०८३-१-३०
च.न :APPROVED/FAR/2081-82/LOC/791

श्रीमान् अध्यक्षज्यू,
सिद्धलेक गाउँपालिका,
गाँउकार्यपालिकाको कार्यालय, धादिङ।

**विषयःलेखापरीक्षण प्रतिवेदन।**

## १. कैफियत सहितको रायः

हामीले त्यस सिद्धलेक गाँउपालिकाको आर्थिक वर्ष २०८१।८२ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय संचित कोषको वार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौँ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०८२ आषाढ ३२ मा समाप्त भएको आर्थिक वर्ष २०८१।८२ को प्राप्ति र भुक्तानीको एकीकृत एवं वार्षिक प्रतिवेदन, बजेटको तुलनात्मक विवरण, स्थानीय सञ्चित कोषको वार्षिक आर्थिक विवरण त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरूसमावेश भएको स्थानीय तहको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन तथा प्रचलित कानुनबमोजिम सारभूत रूपमा सही र यथार्थ अवस्था चित्रण गर्दछ।

## २. कैफियत सहितको राय व्यक्त गर्ने आधारः

२.१. महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचामा वित्तीय विवरण तयार गर्नुपर्नेमा यस पालिकाले तयार गरेको वित्तीय विवरणमा अन्तरसरकारी अख्तियारीको कारोबार समावेश गरेको छैन। छैन।

२.२. गाँउपालिकाको आय र व्यायतर्फ रु.१ अर्व ४९ करोड २२ लाख ५८ हजारको लेखापरीक्षणबाट रू. १ करोड ६१ लाख ९३ हजार बेरुजु देखिएकोमा रु.२२ लाख १० हजारको प्रतिक्रियाबाट सम्परीक्षण भई असुल गर्नुपर्ने रू.५ लाख ९१ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू.६४ लाख २० हजार र नियमित गर्नुपर्ने रु.४५ लाख २१ हजार, पेस्की रू.२४ लाख ५० हजार समेत रू.१ करोड ३९ लाख ८३ हजार रहेको छ। गत वर्षसम्मको कायम बेरूजु रु.२० करोड ५२ लाख ५४ हजार बाँकी रहेकोमा रू.१४ लाख ८२ हजार सम्परिक्षण र यस बर्ष लेखापरीक्षण बाट कायम रू.१ करोड ३९ लाख ८३ हजार थप भई हाल अद्यावधिक बेरुजु रु.२१ करोड ७७ लाख ५६ हजार रहेको छ। बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको वेहोरा यसैसाथ संलग्न छ।

२.३. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले सिद्धलेख गाँउपालिकाको पेस्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन। हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका सरकारी लेखापरीक्षण मानदण्ड,मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ। वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौँ। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौँ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

**३. अन्य बेहोराः** लेखापरीक्षणबाट ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, स्थानीय वित्त व्यवस्थापन,सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, शासकीय प्रवन्ध, स्रोत सुनिश्चितता र बजेट व्यवस्थापन र विकास प्रशासन र सोको कार्यान्वयन, अनुदान वितरण तथा अनुगमन, सेवा प्रवाह, स्थानीय प्रशासन, जवाफदेहिता र सुशासन लगायतका विषयमा सुधार गर्नुपर्ने देखिन्छ।

**४. वित्तीय विवरण उपर व्यवस्थापन र लेखा उत्तरदायी अधिकृतको जिम्मेवारी**

नेपाल सार्वजनिक क्षेत्र लेखामानबमोजिम सही र यथार्थ हुने गरी वित्तीय प्रतिवेदन तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय प्रतिवेदन सारभूतरूपमा गलत आँकडारहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी स्थानीय सरकारमा रहेको छ। गाउँपालिका अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत गाउँपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**५. वित्तीय विवरणको लेखापरीक्षणउपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा त्रुटिका कारण सारभूत रूपमा गलत आँकडा रहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम लेखापरीक्षण कार्य सम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षणसम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूत रूपमा गलत आँकडा मानिएको छ।

( घनश्याम काफ्ले )
नायब महालेखापरीक्षक

## बेरुजु वर्गीकरण

### चालु वर्षको बेरुजु

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट सम्परीक्षण | | | प्रतिक्रियाबाट थप बेरुजु रकम | बाँकी बेरुजु | | | बेरुजु | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | | दफा संख्या | | रकम | असुल गर्नु पर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | सैद्धान्तिक | लगती | | | | | | | | |
| ५० | ६५ | १,६१,९३,२८५ | ० | ७ | २२,०९,८०९ | ० | ५० | ५८ | १,३९,८३,४७६ | ५,९१,४१४ | ४५,२१,८७७ | ६४,२०,१८५ | ० | ० | १,०९,४२,०६२ | २४,५०,००० |

### अद्यावधिक बेरुजू स्थिति

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष सम्परीक्षण भएको रकम | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| धादिङ | २०,५२,५४,३०५ | | १४,८२,२७६ | २०.३७.७२.०२९ | ० | १,३९,८३,४७६ | २१,७७,५५,५०५ |

### बेरुजु सम्परीक्षणको विवरण

| क्र.सं | आर्थिक वर्ष | बेरुजुको दफा | बेरुजुको व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| १ | २०८१/८२ | ४३.३ | स्यानिटरी प्याड | २,३०,३६८ |
| २ | २०८१/८२ | ४५ | सामाजिक सुरक्षा तर्फ | ५,३२० |
| ३ | २०८१/८२ | ४.२ | संघिय सशर्त अनुदान | १७,९१,८४४ |
| ४ | २०८१/८२ | २५ | विद्यालयलाई भुक्तानी | १,०८,८३६ |
| ५ | २०८१/८२ | ४२.२ | पाठ्यपुस्तक अनुदान | ६६,१४१ |
| ६ | २०८१/८२ | ४४ | छात्रबृत्ति अनुदान | ७,३०० |
| ७ | २०८०/८१ | ८१ | मृत्य भएका लाभग्राहीलाई भत्ता वितरण - | ३,७०० |
| ८ | २०८०/८१ | ५२ | बैठक भत्ता - | ३४,८५० |

| | | | | |
|---|---|---|---|---|
| ९ | २०८०/८१ | ६३ | बढी भुक्तानी - | २७,६७१ |
| १० | २०८०/८१ | ७३ | बढि दरमा सेसन - | १०,७९५ |
| ११ | २०८०/८१ | ४४ | प्रविधि हस्तान्तरण - | ३९,९३० |
| १२ | २०७९/८० | २६ | राजस्व | १३,१६,१८५ |
| १३ | २०७९/८० | २५ | पेस्की बाँकी | ३७२ |
| १४ | २०७९/८० | ६३ | तालिम संचालक भ्रमण खर्च | २५,००० |
| १५ | २०७९/८० | ७० | आन्तरिक लेखापरीक्षणबाट कायम बेरुजु | ८,२७३ |
| १६ | २०७७/७८ | ४६ | एकै व्यक्तिको हस्ताक्षर | १५,५०० |
| जम्मा | | | | ३६,९२,०८५ |

# सिद्धलेक गाउँपालिका, धादिङ

# ( ८०३३०५११३०० )

# सिद्धलेक गाउँपालिका , धादिङ

# परिचय

१ **परिचय**

**(क) कार्यालय परिचय :-** स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धती सुदृढ गरी स्थानीय तहमा विधायिकी कार्यकारिणी र न्यायिक अभ्यास संस्थागत गर्न र स्थानीय सरकारको सञ्चालन गर्ने उद्देश्यले नेपालको संविधान २०७२ अनुसार यस पालीकाको स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सहअस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चितता गर्दै गुणस्तरिय सेवा प्रदान गर्दै जनतालाई प्रत्यक्ष लाभ पुग्ने सामाजिक, आर्थिक एवं भौतिक क्रियाकलाप सञ्चालन गर्नु स्थानीय तहको मुख्य उद्देश्य रहेको छ । वागमती प्रदेशमा अवस्थित क्षेत्रफल १०६.९ वर्ग किलोमिटर, २२२१४ जनसंख्या रहेको यो गाउँपालिका अन्तर्गत ७ वडा वाट ३९ गाउँसभा सदस्य रहेका छन् । संघ, प्रदेश एवं स्थानीय तहमै उपलव्ध हुने स्रोत साधनको अधिकतम उपयोग गरी योजनावद्ध सहभागितामूलक कार्यक्रमको माध्यमबाट स्थानीय जनतालाइ प्रत्यक्ष लाभ पुग्ने गरी सामाजिक, आर्थिक तथा भौतिक क्रियाकलापहरु संचालन गर्नु पालिकाको मुख्य उद्देश्य छ ।

**(ख) लेखापरीक्षणको उद्देश्य :-** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०८१/८२ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :-** यस कार्यालयको विनियोजन, राजस्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८१/८२ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८२।८।७ देखि २०८२।८।११ सम्म रहेको छ ।

**(घ) लेखापरीक्षण विधि :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमा :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**(च) आर्थिक कारोबारको स्थिति :-** कार्यालयको आय र व्ययतर्फ रु. १ अर्व ४९ करोड २२ लाख ५८ हजारको लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को विस्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

**(छ) लेखापरीक्षणमा परीक्षण गरिएका मुख्य विषयहरु :-** लेखापरीक्षण योजना अनुसार परीक्षण गरिएका विषयहरु अनुसूची – २ मा संलग्न छ ।

**(ज) लेखापरीक्षणको क्रममा असुली :-** लेखापरीक्षणको क्रममा निम्नानुसारको रु. २४२,२११ असुल भइ दाखिला प्रमाण पेश भएको छ ।

| सि.नं | बिवरण | रकम रु. |
|---|---|---|
| १ | मृतक को खातामा सामाजिक सुरक्षा बापत बढी भुक्तानी भएको रकम २०८२।८।८ मा असुलि भै दाखिला भएको | १०३१० |
| २ | महाकाली माध्यामिक विद्यालयलाई विद्यार्थी संख्या भन्दा २९ जना बढीलाई दिएको निशुल्क शिक्षा सम्वन्धि एकमुष्ठ अनुदान रकम असुल भइ दाखिला भएको । | १३७२२८ |
| ३ | दिगो विकास स्थानीयकरणको बैठक भत्ता बढी भुक्तानी मिति २०८२।०८।१७ मा असुल भई बेरूजु खातामा दाखिला भएको। | ८९२५ |
| ४ | वुङ्चुङ एकिकृत खानेपानीको पिएस आईटमको विओक्युमा कामको विवरण उल्लेख नगरी पिएस मात्र उल्लेख गरेकोमा विजक तथा काम वेगर रु २०००० भुक्तानी गरेको र कुम्पुर भञ्याङ भैंसे सडकको पिएस वापतको भुक्तानी रकम असुल भएको। | २८३५० |
| ५ | प्रमुख प्रशासकिय अधिकृतलाई बढी भुक्तानी भएको तलव असुल भएको । | ५७३९८ |
| ६ | नलाङ आविको पाठ्यपुस्तक र छात्रबृत्ति बढी निकासा असुल भएको । | १७५२२ |

# लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२ **वित्तीय विवरण**

२.१ स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा दफा ७६(२) मा महालेखापरीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेको छ । नेपाल सरकार मन्त्रीपरिषद्बाट २०७९।८।२० मा जारी भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार पालिकाले लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ।

सिद्धलेक गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय,धादिङ
एकिकृत आय व्यय
आ.व.२०८१।०८२

| सि.नं. | आयतर्फ | | | सि.नं. | व्ययतर्फ | | |
|---|---|---|---|---|---|---|---|
| | विवरण | रकम | रकम | | विवरण | रकम | रकम |
| १ | **गत वर्षको जिम्मेवारी** | | ४८९६०२६८.१९ | १ | **जम्मा खर्च** | | ५८३८५६८७५.५६ |
| | क) संचित कोष | २६०९६१९०.६२ | | | क) चालु खर्च | ३४५३८६९६८.५६ | |
| | ख( धरौटी | १२७३९०९६.२३ | | | ख) पुँजिगत खर्च | २३८४६९९०७. | |
| | ग) विविध खर्च खाता | ५८७०२०४.२६ | | २ | **कोष खर्च** | | १९०८०९७१ |
| | घ) प्रकोप व्यवस्थापन कोष | ३९३५४६०.८१ | | | क) विविध खर्च खाता | ११६२६९८० | |
| | ङ) विविध कोष खाता | ३१९३१६.२७ | | | ख) प्रकोष व्यवस्थापन कोष | ७४५३९९१ | |
| | | | | 3 | **धरौटी फिर्ता /खर्च** | | २६८९७१७. |
| २ | **राजस्व (आन्तरिक आय)** | | १२२७१९६६१.३५ | ४ | **अन्तर सरकारी अख्तियारी(संघ)** | | १४३६३९४००. |
| | क) आन्तरिक राजस्व | २५६६८२८०.८७ | | | क) सामाजिक सुरक्षा | १४०७९२४०० | |
| | ख) राजस्व बाडफाड संघीय सरकार | ८१२१६७८९.६3 | | | ख) स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम | २२५००००. | |
| | ग) राजस्व बाडफाड प्रदेश सरकार | १४७०३४५९.२८ | | | ग) विद्यालय शिक्षा क्षेत्र योजना (केन्द्रस्तर) | ५९७०००. | |
| | घ) अन्य रोयन्टी | ११३११३१.५७ | | ५ | **मौज्दात** | | ४२६८४१५२.९४ |
| 3 | **नेपाल सरकारबाट प्राप्त अनुदान** | | ३९७१२००३७ | | क) संचित कोष खाता | ४८९५५३१.५3 | |
| | क) वितीय समानीकरण अनुदान | ११८००३३६० | | | ख) चालु खर्च खाता | ९७३०५६६.२४ | |
| | ख) सर्शत अनुदान चालु | १९६१८४३७१ | | | ग) पुजीगत खर्च खाता | २९७४६५२.१८ | |
| | ग) सर्शत अनुदान पुँजीगत | ६६४९१७३६ | | | घ) विविध खर्च खाता | ७०२०६२२.६८ | |
| | घ) विषेश अनुदान पुँजीगत | ६०१९९७२ | | | ङ) विविध कोष खाता | ३१९३१६.२७ | |
| | ङ) समपूरक अनुदान पुँजीगत | १०४२०५९८ | | | च) प्रकोष व्यवस्थापन कोष खाता | १८१४६९.८१ | |
| ४ | **प्रदेश सरकारबाट प्राप्त अनुदान** | | ५५५२१७३६.५४ | | छ) धरौटी खाता | १७५६१९९४.२3 | |
| | क) वितीय समानीकरण अनुदान | १3२३५०००. | | | | | |
| | ख) सर्शत अनुदान चालु | ८५४८६४०.५४ | | | | | |
| | ग) सर्शत अनुदान पुँजीगत | ८९८३४२१ | | | | | |
| | घ) विषेश अनुदान पुँजीगत | ५४४३५७७ | | | | | |
| | ङ) समपूरक अनुदान पुँजीगत | १९३११०९८ | | | | | |
| ५ | **धरौटी प्राप्त** | | ७५१२६१५. | | | | |
| ६ | **अन्य प्राप्ती** | | १६४७७३९८.४२ | | | | |
| | क) विविध खर्च खाता | १२७७७३९८.४२ | | | | | |
| | ग) प्रकोष व्यवस्थापन कोष खाता | ३७०००००. | | | | | |
| ७ | **अन्तर सरकारी अख्तियारी(संघ)** | | १४३६३९४००. | | | | |
| | क) सामाजिक सुरक्षा | १४०७९२४००. | | | | | |
| | ख) स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम | २२५००००. | | | | | |
| | ग) विद्यालय शिक्षा क्षेत्र योजना (केन्द्रस्तर) | ५९७०००. | | | | | |
| | जम्मा | | ७९१९५१११६.५ | | जम्मा | | ७९१९५१११६.५ |

लेखा प्रमुख
टिकाराम अधिकारी

टिकाराम अधिकारी
वरिष्ठ लेखा अधिकृत (आठौं)

कार्यालय प्रमुख
अनिशा आचार्य

अनिशा आचार्य
प्रमुख प्रशासकीय अ

CS Scanned with CamScanner

**(विस्तृत विवरण बेरूजु दफा २.१ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

२.२

बैङ्क हिसाब विवरण - स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७६ अनुसार पालिकाको कारोबार, आय व्ययको लेखा प्रणाली तथा राजस्व र खर्च शीर्षकको वर्गीकरणअनुसार लेखाङ्कन र बैङ्क हिसाब मिलान विवरण (म.ले.प.फा.नं.२१२) तयार गरी हिसाब भिडान समेत गर्नुपर्दछ । पालिकाले बैङ्क हिसाब मिलान विवरण तयार नगरेको कारण वर्षान्तमा स्रेस्ता अनुसारको बैंक मौज्दात र बैंक मौज्दात देहायअनुसार छ। पालिकाले म.ले.फा.नं. २१२ तयार गरी स्रेस्ता र बैङ्कबीच हिसाब मिलान गर्नुपर्दछ ।

| खाताको प्रकार | श्रेस्ता अनुसार बाकी रु | बैंक अनुसार बाकी रु | फरक |
|---|---|---|---|
| ग २.२ चालू खर्च खाता- जोर वर्ष | ९७३०५६६.२४ | ९७३०५६६.२४ | ०.०० |
| ग २.४ पुँजीगत खर्च खाता- जोर वर्ष | २९७४६५२.१८ | २९७४६५२.१८ | ०.०० |
| ग २.७ विविध खर्च खाता | ७०२०६२२.६८ | ७०२०६२२.६८ | ०.०० |
| ग ३.१ स्थानीय तह धरौटी खाता | १७४११९९४.२३ | १७५६१९९४.२३ | १५००००.०० |
| ग ४.१ स्थानीय तह सञ्चित कोष खाता | ४८९५५३१.५३ | ४८९५५३१.५३ | ०.०० |
| ग ५.१ स्थानीय तह विविध कोष खाता | ३१९३१६.२७ | ३१९३१६.२७ | ०.०० |
| ग ७.२ स्थानीय तह प्रकोप व्यवस्थापन कोष खाता | १८१४६९.८१ | १८१४६९.८१ | ०.०० |
| जम्मा | ४२५३४१५२.९४ | ४२६८४१५२.९४ | १५००००.०० |

साथै पालिकाले खर्च खातामा रहेको रकम बर्षान्तमा स्थानिय संचितकोषमा फिर्ता गर्नुपर्ने व्यवस्था गरेकोमा स्थानिय संचित कोष खातामा रकम फिर्ता गरेको देखिएन।

२.३ फरक हिसाव - यस पालिकाले सुत्रबाट तयार गरेको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७०) ले सबै कारोबार नसमेटेको कारण पालिकाले सबै कारोबार समेटिने गरी एकीकृत आर्थिक विवरण पेश गरेको छ। सुत्रबाट तयार गरेको स्थानीय सरकारको कोषको अनुसुचीमा संलग्न प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७०) मा प्रकोप व्यवस्थापन कोषको जिम्मेवारी रु. ३९,३५,४६०।८१ र विविध कोष खाताको गतको जिम्मेवारी रु. ३१९,३१६।२७ लाई यस बर्षको आम्दानी कायम गरेको देखियो। साथै अन्तर सरकारी अख्तियारी तर्फको रु. १४,३६,३९,४००।०० कारोवार रकम समेत एकीकृत वार्षिक प्रतिवेदनमा समावेश नभएकोले सोलाई समेत समावेश गरेर एकीकृत आर्थिक विवरण तयार गरेको छ।साथै फरक हिसाव मिलान गर्नुपर्ने देखिन्छ।

**(विस्तृत विवरण बेरूजु दफा २.३ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

## ३ बजेट तथा कार्यक्रम

### ३.१ बजेट पेश, पारित र अख्तियारी

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ म स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ। सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ। यस स्थानीय तहमा उपाध्यक्षले मिति २०८१।०३।९ गते रु. ६७ करोड ९३ लाख १० हजारको बजेट सभा समक्ष पेश गरेकोमा मिति २०८२।०३।३० मा पारित भएको छ। यसैगरी स्थानीय तहका प्रमुखले मिति २०८१।४।२ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ।

### ३.२ बजेट सीमा निर्धारण समिति

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ। उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्राथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले वैशाख १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितीलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेको छ। पालिकाले सो वमोजिम समितिको गठन गरेको छैन। ऐनमा व्यवस्था भएअनुसार समिति गठन गरी बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट तर्जुमा एवं सोको कार्यान्वियन हुनुपर्दछ ।

## ३.३ **योजना संसोधन तथा रकमान्तर**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४१ मा विनियोजन ऐन बमोजिम सेवा तथा कार्यमा खर्च गर्न विभिन्न शीर्षकमा स्वीकृत भएको रकम सो सेवा तथा कार्यको निमित्त स्वीकृत सीमाभित्र भएको सुनिश्चित गरी खर्च गर्नुपर्ने उल्लेख छ। तर पालिकाले यो वर्ष पटक-पटकको कार्यपालिकाको निर्णय मार्फत गाउँ सभावाट अनुमोदन गरी विभिन्न वटा ५३ योजनाबाट घटाएर १७३ वटा योजनाबाट रू ४ करोड २८ लाख ८५ हजार रकमान्तर गरी खर्च गरेको छ। यसरी पटक-पटकको कार्यपालिकाको निर्णय मार्फत रकमान्तर गर्ने कार्य बजेटको सिद्धान्त विपरीत देखिन्छ। बजेटमा समावेश भएका योजना तथा कार्यक्रम मात्र संचालन गर्न पालिकाले विशेष ध्यान दिनुपर्दछ।

## ३.४ बजेट तथा कार्यक्रम तर्जुमा

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबिच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको व्यवस्थाको पालना हुनुपर्दछ ।

## ३.५ **त्रैमासिक खर्च**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम १६(१०) बमोजिम स्वीकृत भएको कार्यक्रममा नियम ३५ बमोजिम त्रैमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र त्रैमासिक कार्यलक्ष्य तथा कार्यक्रम बमोजिम कार्य सम्पन्न गरी कार्यक्रम कार्यान्वियन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलब्ध गराएको विवरण अनुसार त्रैमासिक खर्चको स्थिति देहाय बमोजिम छ।

| बजेट उपशिर्षक | कुल खर्च रु. | त्रैमासिक खर्च रु. | | | | |
|---|---|---|---|---|---|---|
| | | प्रथम त्रैमासिक | दोस्रो त्रैमासिक | तेश्रो त्रैमासिक | चौथो त्रैमासिक | आषाढ महिना |
| पूँजिगत खर्चतर्फ | २३,८४,६९,९०७।०० | ० | २,२४,५३,५७१।०० | ५,१३,६९,०४७।०० | १६,४६,४७,२८९।०० | ९,८७,८१,३९५।१४ |
| प्रतिशत | १००. | ०. | ९.४२ | २१.५४ | ६९.०४ | ४१.४२ |

माथिको तालिका अनुसार प्रथम त्रैमासिकमा शुन्य प्रतिशत दोश्रो त्रैमासिकमा ९.४२ प्रतिशत तेश्रो त्रैमासिकमा २१.५४ प्रतिशत र चौथो त्रैमासिकमा ६९.०४ प्रतिशत र आषाढ महिनामा मात्र ४१.४२ प्रतिशत खर्च भएको छ। वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप योजना तथा कार्यक्रम संचालन गर्नुपर्ने देखिन्छ।

३.६ स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासमा क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको आ.व. २०८१।८२ को क्षेत्रगत बजेट र खर्चको स्थिति निम्नानुसार रहेको छ ।

| क्र.स. | मुख्यक्षेत्र | वार्षिकबजेट रु. | खर्चरकम रु. | खर्चप्रतिशत |
|---|---|---|---|---|
| 1 | आर्थिक विकास | २१२९४५०५ | १९५८९४४५ | ९१.९९ |
| २ | सामाजिक विकास | ३४९९८९००० | ३१४६६७८३८ | ८९.९१ |
| ३ | पुर्वाधार विकास | १६८१११००६ | १४१३४९६४७ | ८४.०८ |
| ४ | सुशासन तथाअन्तरसम्बन्धित क्षेत्र | १६५८५६२२ | १४१०७५४५ | ८५.०६ |
| ५ | कार्यालय संचालन तथाप्रशासनिक | ११२२०९७७३ | ९४१४२४०१ | ८३.९० |
| | जम्मा | ६६८१८९९०६ | ५८३८५६८७६ | ८७.३७ |

उपर्युक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेटमध्ये सबैभन्दा बढी आर्थिक विकासमा र सबैभन्दा कम कार्यालय संचालन तथा प्रशासनिकमा रहेको छ ।

३.७ **गत विगतको भुक्तानी -**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ को दफा ९(घ) मा बहुवर्षीय खरिद र विशेष परिस्थितिबाट सृजित दायित्वमध्ये आगामी वर्ष भुक्तानी गर्नुपर्ने बाँकी रकम समावेस गरेर बजेट बनाउने व्यवस्था छ। पालिकाले नियमित र चालु प्रकृतिका खर्चको गत विगतको भुक्तानी दिन बाँकी दायित्व बजेटमा समावेश गरी रु.१८१२३६६ भुक्तानी दिएको छ। ऐनको प्रावधान अनुरुप बहुवर्षीय खरिद र विशेष परिस्थितिबाट सृजित दायित्वमात्र गत विगतको भुक्तानी दिने गरी बजेट निर्माण गर्ने तर्फ पालिकाले ध्यान दिनुपर्दछ।

३.८ **योजना संचालन-**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त हुने प्रगतिका योजना छनौट गरी प्राथमिकीकरण गर्नुपर्ने व्यवस्था छ। सभाबाट स्वीकृत बार्षिक विकास योजना २०८१/८२ को अध्ययन गर्दा पालिकाले स्वीकृत गरी सञ्चालन गरेको अधिकांश योजना न्यून बजेट भएका र लागत प्रभावी हुने किसिमले संचालन गरेको पाइएन। पालिकाले यस वर्ष संचालन गरेका योजना देहाय अनुसार छ।

| विवरण | १ लाख सम्मका योजना | १ देखि २ लाख सम्मका योजना | २ लाख देखि ५ लाख सम्मका योजना | ५ लाख देखि १० लाख सम्मका योजना | १० लाख देखि ५० लाख सम्मका योजना | ५० लाख भन्दा वढिका योजना | जम्मा योजना संख्या |
|---|---|---|---|---|---|---|---|
| पालिकास्तरीय | २३ | ६२ | ५४ | १० | १२ | ६ | १६७ |
| वडास्तरीय | ४५ | ६३ | ६ | ० | १ | ० | ११५ |
| जम्मा योजना | ६८ | १२५ | ६० | १० | १३ | ६ | २८२ |

उपरोक्त विवरण अनुसार पालिकाले यस वर्ष रु १० लाख भन्दा माथिका जम्मा १९ वटा योजना संचालन गरेकोमा रु.५ लाख भन्दा मुनिका मात्र २५३ वटा योजनाहरु रहेका छन् । त्यसैले साना रकमका धेरै योजनाहरु संचालन गर्दा कार्यालयको जनशक्ति वर्षै भरि योजना व्यवस्थापनमा खटिनु पर्ने, संचालित योजनाबाट चालु प्रकृतिका कार्यमा बढी खर्च भई लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तर समेत कमजोर हुन सक्ने अवस्था तर्फ ध्यान दिनु पर्दछ ।

४ **संघीय सशर्त अनुदान**

४.१ संघीय एवं प्रदेश सरकारको कानून एवं कार्यविधि बमोजिम ती निकायबाट स्थानीय तहमा प्राप्त हुने समानिकरण बाहेकका अनुदान खर्च नभई बाँकी रहेको अवस्थामा सम्बन्धित निकायमा फिर्ता गर्नुपर्ने व्यवस्था रहेको छ। प्राप्त विवरण (सुत्रको अनुसूची १२ र २१) अनुसार २०८१ असार मसान्तमा देहायबमोजिमको अनुदान खर्च नभई बाँकी रहेकोमा रु. ६०३,७३१ फिर्ता गर्न वाँकी देखिन्छ। वाँकी रकम मिति २०८२।०३।३१ मा फिर्ता गरेको भौचर लेखापरीक्षणको क्रममा पेश भएको छ । फिर्ता गर्न बांकी रहेको रकम रु. ६०३,७३१ समेत फिर्ता गरी प्रमाण पेश गरेको छ।

| अनुदान प्रदान गर्ने निकाय | अनुदानको प्रकार | प्राप्त रकम | खर्च रकम | फिर्ता रकम | फिर्ता मिति |
|---|---|---|---|---|---|
| संघीय सरकार | शसर्त | २८६५०१००० | २६२०७२३७६ | २४४२८६२४ | २०८२।३।३१ |
| | विषेश | ६८९५१४३ | ६०१९९७२ | ८७५१७१ | २०८२।३।३१ |
| | समपुरक | १०८८५६४१ | १०४२०५९८ | ४६५०४३ | २०८२।३।३१ |
| प्रदेश सरकार | शसर्त | २४०४१००० | १७५३२०६१.५४ | ६५०८९३८.४६ | २०८२।३।३१ |
| | विषेश | ७०००००० | ५४४३५७७ | १५५६४२३ | २०८२।३।३१ |
| | समपुरक | २०००००००० | १९३११०९८ | ६८८९०२ | २०८२।३।३१ |
| | जम्मा | ३५५३२२७८४ | ३२०७९९६८३ | ३४५२३१०१ | |

४.२ ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२१** को निर्णयले रू **१,७९१,८४४** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| प्रमाण पेश नगरेको | ० |
|---|---|

५ **न्यायिक समिति**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ४६देखि ५३ सम्म अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका विवाद दर्ता भएको ३ महिना भित्र टुंगो लगाउने व्यवस्था छ । गाउँपालिकामा यस वर्ष कुल १५ वटा विवादका निवेदन दर्ता भएकोमा उजुरी फछर्यौट १३ वटा (मिलापत्र ७, उजुरी फिर्ता ४, डिसमिस फैसला २) विवादको न्यायिक निरोपण गरि टुंगो लगाएको तथा २ वटा विवादका निवदेन छलफलमा रहेको छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फछर्यौट वा कारबाही किनारा गरि टुंगो लगाउनुपर्दछ ।

६ **आन्तरिक नियन्त्रण**

स्थानीय सरकार संचालन ऐन,२०७४ को दफा ७८ मा आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गर्नुपर्ने व्यवस्था छ। गाउँपालिकाले आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गरेको पाइएन। यस सम्बन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल बमोजिम रहेका छन् ।

क**) वजेट व्यवस्थापनतर्फः**

• स्थानीय तहले एक आर्थिक वर्ष भित्र भएको आर्थिक कारोवारको अनुसुची ११ बमोजिमको ढाँचामा वार्षिक प्रतिवेदन तयार नगरेको ।

• दीगो विकास लक्ष्य पुरा गर्न वातावरण संरक्षण लगायत आन्तरिकिकरणको लागि एकिकृत दीर्घकालीन योजना तयार नगरेको ।

• स्थानीय तहले कार्यक्रम संचालन जस्तैः बैठक भत्ता, तालिम, गोष्ठी गर्नको लागि कार्य संचालन निर्देशिका स्वीकृति नगरेको ।

• स्थानीय तहबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार नगरेको ।

• सवै योजना तथा कार्यक्रमको अनुगमन तथा सुपरीवेक्षण गरेर मात्र भुक्तानी गर्नुपर्नेमा नगरेको ।

• कार्यक्रम खर्च गर्दा एउटै व्यक्तीलाई पेस्की भुक्तानी गर्ने गरिएको ।

**ख) खरिद व्यवस्थापन तर्फः**

• सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण नगरेको ।

• सञ्चालित योजनाहरुको उपभोक्ताको योगदान र कार्य सम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गरिएतापनि प्रभावकारी नभएको ।

• स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण नगरेको ।

• उपभोक्ता समितिबाट सम्झौताबमोजिम समय, लागत र गुणस्तरमा कार्य सम्पन्न हुन नसकेमा मुल्यांकन नगरेको ।

• स्थानीय तहले विगतमा परामर्शदाताबाट विस्तृत परियोजना प्रतिवेदन तयार गरेकोमा सोको कार्यान्वयनको व्यवस्थित अभिलेख नराखेको ।

ग**) शिक्षातर्फः**

• स्थानीय तहले स्थानीय तह भित्रका विद्यालय अनुगमन गर्न अनुगमन मापदण्ड तयार गरी अनुगमन गरेको छैन।

• शिक्षा नियमावली, २०५९ को परिच्छेद ३ नियम १६ (झ) मा शिक्षा सेवा आयोगबाट नियुक्ति वा बढुबाको लागि सिफारिस भई आएका शिक्षकलाई नियुक्त गर्ने, सामुदायिक तथा सरकारी विद्यालयमा कार्यरत शिक्षकको नोकरी तथा अन्य विवरण अभिलेख अद्यावधिक गर्नुपर्नेमा नियमावलीको व्यवस्था अनुसारका उक्त अभिलेखहरु तयार नगरेको ।

**घ) विविध तर्फः**

• मूल्य अभिवृद्धि कर नियमावली २०५३ को नियम ६ क अनुसार ठेक्का सम्झौता र कर भुक्तानीको जानकारी सम्वन्धित आन्तरिक कार्यालयलाई नदिइएको ।

• कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरी निराकरणको प्रयास गरेको अभिलेख नराखेको ।

• विविध खर्च गर्दा विभिन्न होटलका विल पेश भएको भएतापनि कतिपय खर्च पुष्टि हुने आधार सहितको प्रमाण संलग्न गरेको देखिएन । खर्चको स्पष्ट उद्देश्य र यथार्थता प्रमाणित हुने आवश्यक प्रमाण संलग्न गरेर खर्च गरी र विल मात्र राखी खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्ने ।

• म. ले. प. फाराम ८०१ देखि ८०५ सम्मका फाराम मध्ये कार्यालयसँग सम्बन्धित फारामको अभिलेख अद्यावधिक नराखेको ।

• मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम यस स्थानीय तह तथा स्थानीय तहमा समाहित भएका साविक गाउँविकास समिति तथा नाममा रहेको पेश्की तथा बेरुजू अभिलेख समायोजन भएको स्थानीय तहमा कायमगरी नियमानुसार पेश्की फस्यौंट तथा बेरुजू सम्परीक्षण कार्य गर्नुपर्नेमा नगरेको ।

• साविकमा अनुदान दिइएका कार्यक्रम तथा योजनाको वस्तुपरक मूल्यांकन नगरेको।

• गाउँपालिकाको आन्तरिक लेखापरीक्षण प्रतिवेदनमा उल्लिखित ब्यहोरा कार्यान्वयन नगरेको ।

• गाँउपालिकाले इन्धन खर्च लेख्दा लगबुक राखेर मात्र खर्च लेख्नुपर्नेमा लगबुक संलग्न नगरी खर्च लेखेको गरेको ।

• गाँउपालिकाले गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार नगरेको ।

• गाँउपालिकाले ठेक्काहरुको विस्तृत विवरण देखिने गरि ठेक्का खाता र कन्टिजेन्सी खाता नराखेको ।

• गाँउपालिकाले उपभोक्ता समिति मार्फत सञ्चालन भएका अधिकांश योजनाहरुको डोरहाजिर फारम प्रमाणित गरेको पाइएन ।

• गाँउपालिकाले यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा नगरेको ।

• गाउँपालिकाले उल्लिखित ब्यहोरामा सुधार गरी आन्तरिक नियन्त्रण प्रणाली सुदृढ, भरपर्दो र विश्वसनीय बनाउनुपर्दछ ।

## ७ प्रशासकीय संगठन र जनशक्ति व्यवस्थापन

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । सात वटा वडा कार्यालय रहेको यस पालिकामा कर्मचारी समायोजन ( वि. सं. २०७५ मा ) भएपछि प्रमुख प्रशासकीय अधिकृत सहित ३३ जना दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म प्रमुख प्रशासकीय अधिकृत सहित २२ जना पदपूर्ती भएको देखिन्छ । साथै वियषगत शाखाहरु कृषि तथा पशुशाखा तर्फ ५, पाँच शैय्याको अस्पताल समेत स्वास्थ्य चौकी तिनवटातर्फ २३, र चार वटा आधारभूत स्वास्थ्य सेवा केन्द्रतर्फ १२ जना समेत ४० जनाको दरबन्दी स्वीकृत रहेकोमा हालसम्म १६ जनाको स्थायी पदपूर्ती भइ २४ पद रिक्त रहेको छ । पालिकाको कूल दरवन्दी ७३ जना मध्ये ३८ जना स्थायी पदपूर्ती भएको र ३५ जना करार सेवाबाट कार्य संचालन भएको लेखापरीक्षणको क्रममा प्राप्त विवरणमा उल्लेख छ । कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका प्रशासकीय अधिकृत, लेखा अधिकृत, पशु कृषि प्राविधिक अधिकृत, सव ईन्जिनियर, मेडीकल अधिकृत, जनस्वास्थ्य अधिकृत, स्वास्थ्य कर्मी सहितका पदहरु रिक्त रहेका कारण करार सेवामा छन् । दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर नपर्ने गरी जनशक्ती व्यवस्थापन गर्नु पर्दछ ।

## ८ संगठन तथा व्यवस्थापन सर्भेक्षण

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ र बागमति प्रदेश सरकारले जारी गरेको स्थानीय सेवा ( गठन तथा सञ्चालन ) ऐन, २०७९ को दफा ५ अनुसार स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि पालिकाहरुले संगठन तथा व्यवस्थापन सर्भेक्षण गरेर मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा विषयगत शाखा महाशाखा रहेको, वडा कार्यालयको संरचना समेत रहेको संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकाले २०७९ सालमा रिस्ती मादी रिसर्च एण्ड कन्सल्टेन्सी, टोखा काडमाण्डौबाट संगठन तथा व्यवस्थापन सर्भेक्षण ( O & M Survey ) गरी प्रतिवेदन प्राप्त गरेको छ । उक्त फर्मले पालिकाको संगठन तथा व्यवस्थापन सर्भेक्षण गरी प्रस्तावित शाखाहरुको कार्यविवरण सहित गाउँपालिकामा रहने स्थायी र करार कर्मचारीहरुको संगठन संरचना र दरवन्दी तेरीजको प्रतिवेदन पेश गरेको छ । उक्त प्रतिवेदन अनुसार स्थायी तर्फ ७ वटा वडा कार्यालय सहित गाउँपालिका र कृषिपशु, शिक्षा, स्वास्थ्य शाखा र स्वास्थ्य संस्था समेत साविकको ५७ दरवन्दीमा १०० पद/जना थप गरी १५७ जनाको संगठन संरचना तथा दरवन्दी प्रस्ताव गरेको छ ।उक्त प्रस्तावित दरवन्दीमा स्वास्थ्य शाखा र स्वास्थ्य संस्थाहरुको लागि ७८ जनाको दरवन्दी प्रस्ताव गरेको छ । उक्त प्रस्तावित दरवन्दीमा प्राविधिकतर्फ १०२ जना र प्रशासनिकतर्फ ५५ जनाको प्रस्ताव गरेको छ । तहगत हिसावले साविकमा अधिकृतस्तरमा ७ जनाको

दरवन्दी स्वीकृत रहेकोमा प्रस्तावित नयाँ दरवन्दीमा १२ जना नयाँ थप गरी १९ जनाको प्रस्ताव गरेको, सहायकस्तरमा ५० स्वीकृत रहेकोमा ५८ जना थप गरी १०८ प्रस्ताव गरेको र श्रेणी विहिनको शुन्य दरवन्दी रहेकोमा ३० जना नयाँ थप गर्ने समेत १०० दरवन्दी थप गरी कूल १५७ जनाको संगठन संरचना र दरवन्दी प्रस्ताव गरेको देखिन्छ । पालिकाको २०८० सालमा भएको गाउँ सभा र कार्यपालिका बैठकबाट उक्त प्रतिवेदन पारित गरी प्रदेश कितवखानामा दर्ताको लागि पेश भएकोमा स्वीकृत भएको छैन ।

९ **तलवी प्रतिवेदन**

निजामती सेवा ऐन, २०४९, स्वास्थ्य सेवा ऐन, २०५३ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४, शिक्षा ऐन, २०२८ र बागमती प्रदेश सरकारद्बारा जारी स्थानीय सेवा गठन तथा सञ्चालन ऐन, २०७९ को दफा ६९ को उपदफा ५ अनुसार प्रदेश किताबखाना वा प्रदेश लेखा नियन्त्रक कार्यालय वा इकाई कार्यालयबाट तलवी प्रतिवेदन पारित गराएर मात्र तलब खर्च लेख्नु पर्ने व्यवस्था छ । पालिकाले यो वर्ष तलवी प्रतिवेदन पारित नगराई सङ्घीय सरकारबाट हस्तान्तरित चालु अन्तर्गत शिक्षा स्वास्थ्य तर्फ ११ जना कर्मचारीको रु. ९६ लाख ८६ हजार ८४३ रुपैयाँ र पालिकातर्फ २६ जना कर्मचारीको रु.१ करोड ४२ लाख ६५ हजार ७७३ रुपैयाँ समेत रु. २ करोड ३९ लाख ५३ हजार खर्च लेखेको छ । तलबी प्रतिवेदन पारित नगरी खर्च लेख्न पाउने भन्दा बढी तलब भत्ता ग्रेड भुक्तानी हुन सक्ने तथा लेखापरीक्षणको क्रममा भुक्तानीको तुलना गर्न नसकिने भएकोले तलबी प्रतिवेदन पारित गराएर तलब भत्ता भुक्तानी गर्नुपर्दछ ।

१० **कर्मचारी व्यवस्था**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ (८) मा नगर प्रहरी, सवारी चालक, सयस, बगैंचे, प्लम्बर लगायतका पद तथा सेवामा बाहेक करारमा नियुक्त गर्न पाइने व्यवस्था छैन । पालिकाले संगठन तथा व्यवस्थापन सर्वेक्षण गरी कामको र सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गरेको छैन । पालिकाले उल्लेखित पदहरुमा बाहेक इन्जिनियर १ जना २०८१ मंसिर देखि मासिक रु. ४३६८९।०० ले चाडपर्व समेत असारसम्म , ना. प्रा. स. ( सहायक चौथो ) ३ जना २०८१ फागुण ११ देखि मासिक रु. ३२९०२।०० को दरले र सहायक कम्प्युटर अपरेटर २ जना मासिक रु. ३२९०२।०० समेत ६ जना स्वीकृत दरवन्दी भन्दा बढी संख्यामा कर्मचारी करारमा नियुक्त गरी तलव भत्ता र चाडपर्व खर्च समेत रु. १७,७२,१४४।०० भुक्तानी गरेको पाइयो । ऐनको व्यवस्था विपरीत कर्मचारी नियुक्त गरी भुक्तानी गर्ने कार्य नियमसम्मत नदेखिएको रु..

| | |
|---|---|
| अनियमित भएको | १७,७२,१४४ |

११ **कर्मचारी प्रोत्साहन भत्ता**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८६(१) बमोजिम स्थानीय सेवा गठन, सञ्चालन व्यवस्थापन, सेवाका शर्त तथा सुविधा सम्बन्धी आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानुन बमोजिम हुने, दफा ८६ (२) बमोजिम स्थानीय सेवाको गठन, सञ्चालन तथा व्यवस्थापन सेवाको शर्त तथा सुविधा सम्बन्धी अन्य व्यवस्था स्थानीय तहले बनाएको कानुन बमोजिम हुने व्यवस्था छ । पालिकाले सिद्बलेक गाउँपालिका कर्मचारीको स्थानीय प्रोत्साहन सुविधा कार्यविधि, २०८० तर्जुमा गरी कार्य सम्पादन सूचकको मूल्याकनको आधारमा प्रोत्साहन भत्ताको व्यवस्था सम्वन्धि गरी रु. ३१ लाख ९९ हजार ८८२ रुपैयाँ प्रोत्साहन भत्ता खर्च गरेको कारण आर्थिक व्ययभार बढ्न गएको छ । पालिकाको आन्तरिक आयलाई समेत विचार गरी कानुन बमोजिम खर्च लेख्नुपर्दछ ।

१२ **कर्मचारी कल्याण कोष**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ९१ मा स्थानीय तहले स्थानीय सेवाका स्थायी कर्मचारीले निजको सेवा शर्त सम्वन्धि कानून बमोजिम अवकाश हुँदा प्राप्त गर्ने योगदानमा आधारित उपदान वा निवृत्तिभरण औषधि उपचार लगायत सुविधा उपलब्ध गराउनका लागि एक अवकाश कोष स्थापना गर्नुपर्नेछ भन्ने व्यवस्था गरेको छ । स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ अनुसार गाँउपालिकाले कर्मचारी कल्याणकोष संचालन कार्यविधि तर्जुमा गरेको छैन ।

१३ **सम्पत्तिको प्राप्ति उपयोग र संरक्षण**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली अनुसार घर जग्गा तथा सम्पत्तिको लगत राख्नुपर्ने, सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८.२ अनुसार मितव्ययी तरिकाले खर्च गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाको सातवटा वडा कार्यालयहरु र एक आधारभूत स्वास्थ्य संस्था समेत १२ वटा भवन रहेको र उक्त भवनहरुको कूल क्षेत्रफल ८ रोपनी १२ आना अथार्त् ४४५१.४५ वर्ग मिटर जग्गा रहेको विवरण प्राप्त भएको छ । पालिका वडा कार्यालय र स्वास्थ्य संस्थाको भवन र जग्गा रहेकोमा भवन संख्या र जग्गाको क्षेत्रफल सम्वन्धी अभिलेख विवरण पाम्सको म.ले.प. फा. नं. ४१७ घर जग्गाको लगत कितावमा परल मूल्य समेत खुलाएर राखेको देखिएन । पालिकासंग चारपाङ्ग्रे सवारी साधन २ वटा, दुईपाङ्गे सवारी साधन २६ वटा रहेको विवरणमा उल्लेख छ ।उक्त सवारी साधनहरुको परल मुल्य खुलाएर राखेको पाइएन । पालिकाको क्षेत्रभित्र रहेका सार्वजनिक सम्पत्ति र जग्गाको अभिलेख राखेको छैन । सम्पतिको संरक्षण र उपयोग नीति र मापदण्ड पनि बनेको छैन ।संरक्षण र उपयोग नीति तथा मापदण्ड नभएको अवस्थामा पनि सार्वजनिक, पर्ति, ऐलानी जग्गा तथा सम्पतिको अतिक्रमण भए/ नभएको अनुगमन गरी प्रतिवेदन लिएको छैन ।

### १४ जिन्सी व्यवस्थापन

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९४, ९५ र ९६ नियम ९९ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना र लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गरी सक्नुपर्ने व्यवस्था छ । महालेखा नियन्त्रक कार्यालयले २०७७।८।७ मा २०७७।९।७ भित्र सवै तहका कार्यालयहरुला २०७६।७७ सम्मको मौज्दात अनिवार्य रुपमा Public Asset Management System (PAMS) प्रविष्ट गरी सरकारी सम्पत्तीको लेखाङ्कन गर्न परिपत्र गरेको छ। यस सम्बन्धी देखिएको व्यहोरा निम्नानुसार छः

- कार्यालयले गत विगत वर्षको मौज्दात रहेका समानहरुको अवस्था अनुसार Public Asset Management System (PAMS) मा प्रविष्टी गर्नुपर्नेमा सो गरेको पाइएन ।कार्यालयमा यस बर्ष १६१५ मालसामान मध्ये ११५ मालसामान लिलाम गर्नु पर्ने र ३०२ मालसामान मर्मत गर्नु पर्ने जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख छ। कार्यालयले मालसामानको मर्मत तथा लिलाम गरी मालसामानको व्यवस्थापन तथा संरक्षण गर्नु पर्दछ।
- कार्यालयमा रहेका मालसामानको रुपमा Public Asset Management System (PAMS)सहायक जिन्सी खाता तयार गरी अध्यावधिक गर्नुपर्दछ।
- अन्य निकायबाट प्राप्त भएका सामग्रीहरु हस्तान्तरण फाराम र दाखिला फारम अनिवार्य राख्नुपर्नेमा नराखेको।

### १५ फोहरमैला व्यवस्थापन

फोहरमैला व्यवस्थापन ऐन, २०६८ र पालिकाको फोहरमैला व्यवस्थापन कार्यविधि, २०७४ अनुसार पालिकाले आफ्नो क्षेत्रभित्र उत्सर्जन हुने फोहरमैला संकलन र व्यवस्थापनको कार्य गर्नुपर्ने व्यवस्था छ । यसरी संकलन गरेको फोहरमैलाको फोहर उत्सर्जन हुने स्रोतमा नै वर्गीकरण गरी कुहिने, नकुहिने, सिसाजन्य, अस्पतालबाट उत्पादित र इ-वेष्ट लगायतका फोहर वर्गीकरण गरी उपयुक्त व्यवस्थापनको कार्य गर्नु पर्ने, स्रोतमै वर्गीकरण गर्न लगाई सोही अनुसार सङ्कलन र व्यवस्थापन गर्ने कार्यको शुरुवात गर्नु पर्दछ । ऐन र कार्यविधिले पालिकाले आफ्नो क्षेत्र भित्र उत्सर्जन हुने फोहरमैला व्यवस्थापनको कार्य गर्नुपर्ने जिम्मेवारी दिए पनि गरेको पाइएन । पालिकाले फोहरमैला संकलन र व्यवस्थापनको कार्य नगरेको कारण गाउँको स्वच्छ वातावरणमा प्रभाव परेको छ । फोहरमैलाको उचित व्यवस्थापन गरी पालिकाको पर्यावरणलाई स्वच्छ राख्नुपर्दछ ।

### १६ आर्थिक सहायता

पालिकाले स्पष्ट मापदण्ड र कार्यविधि तर्जुमा गरी तथा बजेट विनियोजन गरेर मात्र आर्थिक सहायता वितरण गर्नु पर्दछ। पालिकाबाट असाध्य रोग आर्थिक सहायता कार्यविधि, २०८० तर्जुमा गरेको छ । उक्त कार्यविधि अनुसार अशक्त विरामी अपाङ्ग, वृद्ध वृद्धालाई र गम्भिर प्रकृतिका जटिल रोग लागेका आर्थिक अवस्था कम्जोर रहेका व्यक्तिलाई उपचार सहायता स्वरुप रु. १० हजार देखि ५० हजारसम्म अनुदान दिने व्यवस्था गरेको छ । यो वर्ष विभिन्न व्यक्ति तथा संस्थालाई उपचार लगायतको कार्यको लागि रु ९ लाख २२

हजार छ सय आर्थिक सहायता वितरण गरेको छ । उक्त रकम पालिकाको कुल आन्तरिक आय रु.१२२७१९६६१।०० को ०.७५ प्रतिशत हुन आउँछ । आर्थिक सहायता वितरण गर्ने प्रक्रियामा नियन्त्रण हुनु पर्दछ ।

## १७ **खरिद तथा ठेक्का अभिलेख(**

### १७.१ **वार्षिक खरिद योजना/ गुरुयोजना**

सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ। यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोड रुपयाँ भन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ ले वार्षिक १० लाख रुपयाँ भन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने व्यवस्था छ। यस पालिकाले विभिन्न शीर्षक अन्तर्गत यो वर्ष रू २३ करोड ८४ लाख ७० हजार पूँजीगत खर्च गरेको छ। पालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम वार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो। पालिकाले नियम बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ ।

### १७.२ **ठेक्कागत अभिलेख**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम १४९ बमोजिम सार्वजनिक निकायले खरिद कारवाहीको अभिलेख राख्नुपर्नेमा सो बमोजिम ठेक्का सम्झौताबाट भएको कामको अभिलेख म ले प फा नं ५०६ बमोजिमको ढाँचामा ठेक्कागत अभिलेख खाता र म.ले.प.फा.नं. ५०७ बमोजिम ठेक्का सम्बन्धी गोश्वारा लगत राखेको देखिएन। पालिकाले कानुनमा तोकिए वमोजिम अभिलेख व्यवस्थित गर्नुपर्ने देखिन्छ।

## १८ **पेश्की**

आर्थिक कार्यविधी तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५० मा पेश्की दिने र फर्स्योट गर्ने सम्वन्धी व्यवस्था गरेको छ। पालिकाले यो आर्थिक बर्ष निम्न अनुसारको पेश्की दिएकोमा म्याद ननाधेको रु ८७००००० र म्याद नाघेको रु ५८१३०४१ मध्ये निजि स्रोतवाट शिक्षकको तलवमा खर्च गर्नेगरी समानिकरणको रकम पेश्की दिएको समत समावेश साथै गत वर्षको रु ३२००० गरी जम्मा रु १४५४५०४१ रहेकोमा नियमअनुसार पेश्की फर्स्योट गर्नुपर्ने देखिन्छ।

| क्र.सं. | पेश्की प्रकार | पेश्की लिएको मिति | गो. भौ. न. | पेश्कीको विवरण | पेश्की लिने ब्यक्ती फर्म वा कम्पनीको नाम | कर्मचारी भए पद | चालु आ. व. | | | गत वर्षको |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | म्याद ननाघेको | | म्याद नाघेको | |
| | | | | | | | रकम | फर्स्योटको अन्तिम म्याद | | |
| १ | कर्मचारी | २०८२/०३/३२ | ५४१ | अन्य सामाजिक सुरक्षा खर्च | सविता खड्का | अ.न.मी. | ० | | ० | ३२०००. |
| २ | ठेकेदार | ०८/१०/२०८१ | २ | १५ शैय्या आधारभूत अस्पताल | जि.पि.विल्डर्स प्रा.लि. | | ८७०००००. | | | |
| ३ | संस्थागत | ०९/०५/२०८१ | ९३ | शैक्षिक अनुदान | कालीदेवी मा वि | | ० | १०/११/२०८१ | २५००००. | |
| ५ | संस्थागत | ०२/०८/२०८२ | ३५२ | शैक्षिक अनुदान | अमर आदर्श मा. वि. | | ० | ०३/१२/२०८२ | २५००००. | |
| ६ | संस्थागत | ०२/०८/२०८२ | ३५२ | शैक्षिक अनुदान | कालीदेवी मा वि | | ० | ०३/१२/२०८२ | २५००००. | |
| ७ | संस्थागत | ०२/०८/२०८२ | ३५२ | शैक्षिक सुधार | चक्रमहाकाली आधारभुत विद्यालय | | ० | ०३/१२/२०८२ | १०००००. | |
| ८ | संस्थागत | ०२/०८/२०८२ | ३५२ | शैक्षिक अनुदान | जलदेवी आधारभुत विद्यालय | | ० | ०३/१२/२०८२ | १०००००. | |
| ९ | संस्थागत | ०२/०८/२०८२ | 352 | | नलाङ माध्यमिक विद्यालय | | ० | ०३/१२/२०८२ | ३०००००. | |
| १० | संस्थागत | ०२/०८/२०८२ | 352 | | नलाङ माध्यमिक विद्यालय | | ० | ०३/१२/२०८२ | २०००००. | |
| ११ | संस्थागत | ०२/०८/२०८२ | ३५२ | | श्री अकला देवी माध्यमिक जिद्यालय | | ० | ०३/१२/२०८२ | १०००००. | |
| १२ | संस्थागत | ०२/०८/२०८२ | ३५२ | | श्री जलेश्वरी माध्यमिक विधालय | प्र. | ० | ०३/१२/२०८२ | १०००००. | |
| १३ | संस्थागत | ०२/०८/२०८२ | ३५२ | | श्री नागेश्वरी आधारभुत विद्यालय | | ० | ०३/१२/२०८२ | १०००००. | |
| १४ | संस्थागत | ०२/०८/२०८२ | ३५२ | | श्री शमिटार आधारभूत | | ० | ०३/१२/२०८२ | १०००००. | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | विद्यालय | | | | | |
| १५ | संस्थागत | ०२/२८/२०८२ | ३८४ | | नागेश्वरी आ वि | | ० | २०८२/०३/३२ | १५००००. | |
| १६ | संस्थागत | ०२/२८/२०८२ | ३८४ | | बराह आधारभुत विधालय | | ० | २०८२/०३/३२ | २०००००. | |
| १७ | संस्थागत | ०३/०२/२०८२ | ४०४ | | नागेश्वरी आ वि | | | ०४/०५/२०८२ | १०००००. | |
| १८ | व्यक्तिगत | ०३/२५/२०८२ | ३६४ | प्रधानमन्त्री रोजगार | शान्ती मगराती | | | ०४/२८/२०८२ | १५००००. | |
| जम्मा | | | | | | | ८७०००००. | | २४५०००० | ३२००० |
| | | | | | | | | | पेश्की | २४,५०,००० |

१९ **सहकारी नियमन**

सहकारी ऐन२०७४ को दफा ७३ अनुसार मासिक,चौमासिक, र वार्षिक प्रतिवेदन बुझाउनु पर्ने र सहकारी नियमावली २०७५ को नियम २८(४) सहकारी संस्थाहरुको सुपरीवेक्षण निरीक्षण तथा अनुगमन निर्देशिका २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिना ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) मा पेश गर्नु पर्ने व्यवस्था छ। पालिकाले उपलव्ध गराएको विवरण अनुसार पालिका भित्र ३० वटा सहकारी संस्था रहेका छन्। जसको विवरण देहाय अनुसार रहेको छ।

| क्र.स | विवरण | संख्या |
|---|---|---|
| १ | सहकारी सुचिकरण | ३० |
| २ | copomis दर्ता | २७ |
| ३ | सहकारी संस्थाको व्यवसाय करमा आवद्ध | ८ |
| ४ | सहकारी संस्थाको व्यवसाय कर नविकरण | ८ |
| ५ | सहकारी संस्थाको बहाल कर | ३ |
| ६ | सहकारी संस्थाको साधारण सभा प्रतिवेदन | ८ |
| ७ | सहकारी संस्थाको आव2080/ 081 को लेखापरिक्षण प्रतिवेदन | ८ |
| ८ | सहकारी संस्था खारेजी | ० |
| ९ | सहकारी अनुगमन | ० |

पालिका भित्रका ३० सहकारी मध्ये संस्थाहरुले एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) मा २७ वटा दर्ता भएका सहकारी संस्थाको व्यवसाय कर नविकरण,सहकारी संस्थाको साधारण सभा प्रतिवेदन,सहकारी सस्थानको आ.व.२०८०/०८१ को लेखापरीक्षण प्रतिवेदन ८ वटाले तयार गरेको देखिन्छ। पालिकाले कुनैपनी सहकारीको अनुगमन गरेको देखिदैन जसले गर्दा सहकारीको संचालन नियमन नियमावली र निर्देशिका अनुसार सबै सहकारी संचालन भएको पाइएन। तसर्थः पालिकाले सहकारी संस्था कानुन अनुसार संचालन गर्न लगाई सोको प्रभावकारी अनुगमन गर्नु पर्दछ।

२० **आय अनुमान र आन्तरिक आय**

२०.१ **आय अनुमान**- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ। पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रु २८५००३००।-प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०८१।८२ मा रु.२८५३९३७२।५६ अर्थात

अनुमान भन्दा ०.१४ प्रतिशत बढी आय प्राप्त गरेको छ। आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन वृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ।

२०.२ **तीन वर्षको आन्तरिक आयको अवस्था** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ। आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ।

| आ.व. | आय अनुमान | संकलित रकम | प्रतिशत |
|---|---|---|---|
| २०७९/८० | ३१८५०००० | १७७१५७४२।३५ | ५५.६२ |
| २०८०/८१ | २३४७६३०० | १९६९२४५५।२५ | ८३.८८ |
| २०८१/८२ | २८५००३०० | २८५३९३७२।५६ | १००.१४ |

पालिकाले उपलब्ध गराएको विवरण अनुसार आ.व. २०७९/८० मा रु. ३१८५०००० आय अनुमान गरिएकोमा रु. १७७१५७४२।३५अर्थात ५५.६२ प्रतिशत संकलन भएको छ त्यसै गरी आ.व. २०८०/८१ मा रु. २३४७६३०० आय अनु मान गरिएकोमा रु. १९६९२४५५।२५ अर्थात ८३.८८ प्रतिशत संकलन भएको देखिन्छ। आ.व. २०८१/८२ मा रु. २८५००३०० आय अनुमान गरिएकोमा रु. २८५३९३७२।५६ (१००.१४ प्रतिशत) आय प्राप्त भएको छ। पालिकाको तीन वर्षको आन्तरिक आय बढ्दो क्रममा भएता पनि पालिकाको प्रशासनिक खर्चको तुलनामा आन्तरिक आयको अंश न्यून रहेको देखिन्छ। अत: पालिकाले आफ्नो क्षेत्रभित्र करदाताको विवरण अद्यावधिक गर्नुको साथै पालिका भित्रका सम्पूर्ण आर्थिक कारोवारहरुलाई करको दायारामा ल्याई आन्तरिक आय वृद्धि गर्ने तर्फ जोड दिनुपर्दछ।

२०.३ **आन्तरिक आय** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ। पालिकाले आर्थिक वर्ष २०८१/८२ मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ।

| केन्द्रीय अनुदानबाट खर्च | आन्तरिक आय | आन्तरिक आय प्रतिशत |
|---|---|---|
| ११५१७३३३० | ३०६४९२८६ | २१.०१ |

उपर्युक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा २१.०१ प्रतिशत मात्र रहेको छ। त्यसैले पालिकाको आन्तरिक आय सङ्कलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ।

२०.४ **राजस्व असुलि-** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २७ मा प्रचलित कानूनबमोजिम नेपाल सरकारलाई प्राप्त हुने राजस्व तथा अन्य सरकारी रकम कार्यालयमा प्राप्त भएपछि सोही दिन तथा सोही दिन सम्भव नभए सोको भोलिपल्ट प्रचलित ढाँचामा लेखा राखी बैङ्क दाखिला गर्नुपर्ने व्यवस्था छ। पालिका भित्रका ७ वडाहरुको राजस्व असुली परीक्षण गर्दा रु. ९५३३१२७।६२ असुली भएकोमा रु. ९५३३१२७।६२ नै दाखिला भएको पाइएको छ।

## २१ कर तथा शुल्क असुली

२१.१ **कर तथा शुल्क असुली** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको

छ। आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ।

| **१) आ.व. २०८१/०८२ को आन्तरिक राजस्व अनुमान तथा यथार्थ आय विवरण :** | | | | |
|---|---|---|---|---|
| क्र.सं. | राजस्व शिर्षक | राजस्व अनुमान तथा यथार्थ आय | | |
| | | आ.व. २०८१/०८२ को राजस्व अनुमान | आ.व. २०८१/०८२ को यथार्थ आय | शिर्षकगत घटी/ वढि |
| १ | सम्पति कर | १७२२०००.०० | १६१०३८४.१८ | ९३.५२ |
| २ | भूमिकर/ मालपोत | १०३८४००.०० | १२३७८.०० | १.१९ |
| ३ | घर जग्गा वहाल कर | १००००००.०० | १०७९१३८.८४ | १०७.९१ |
| ४ | अन्य विक्रिवाट प्राप्त रकम | १५०००००.०० | १७३३५५०.०० | ११५.५७ |
| ५ | अन्य सेवा शुल्क तथा विक्रि | १०००००.०० | १४०८७०.०० | १४०.८७ |
| ६ | न्यायिक दस्तुर | १०००.०० | ६०३५.०० | ६१७.५८ |
| ७ | परिक्षा शुल्क | १२००००.०० | ५२०००.०० | ४३.३३ |
| ८ | अन्य प्रशासनिक सेवा शुल्क | ५१५८९००.०० | ३७६४४९४.९८ | ७२.९७ |
| ९ | नक्सापास दस्तुर | १५००००.०० | ३२९७५३.१० | २१९.८३ |
| १० | अन्य दस्तुर | ४०००००.०० | ५३६९१६.३१ | १३४.२२ |
| ११ | व्यवसाय रजिष्ट्रेशन दस्तुर | ६०००००.०० | ४२८१९२.५० | ७१.३६ |
| १२ | जलस्रोत सम्वन्धी अन्य दस्तुर | १००००.०० | १६०००.०० | १६० |
| १३ | अन्य क्षेत्रको आय | ५०००००.०० | १३३६२५.०० | २६.७२५ |
| १४ | व्यवसाय कर | ५०००००.०० | १६०५००.०० | ३२.१० |
| १५ | वेरुजु दाखिला | ५०००००.०० | ५४९५५३.०० | १०९.९१ |
| १६ | अन्य कर | १०००००.०० | ३३७४५०.०० | ३३७.४५ |
| १७ | मालपोत रजिष्ट्रेशन दस्तुर | ३००००००।०० | ३८२१५०४.०० | १२७.३८ |
| | **जम्मा** | **१६४००३००.००** | **१४७१२३४४.९१** | |

२१.२ **व्यवसाय कर** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनुपर्ने व्यवस्था रहेको छ। यस वर्ष पालिकाले व्यवसाय दर्ता तथा नवीकरण शुल्क वापत रु. **१,६०,५००।००** कर सङ्कलन गरेकोमा पालिकाको क्षेत्रभित्र रहेका व्यवसायीहरुको अभिलेख अध्यावधिक गरेको छैन। जसबाट पालिकाले

सङ्कलन गरेको व्यवसाय कर यथार्थ मान्न सक्ने अवस्था छैन। तसर्थ पालिकाले आफ्नो क्षेत्र भित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अद्यावधिक अभिलेख राखी करको दायराभित्र ल्याउनु पर्दछ।

२१.३ **प्रदेश कानूनको कार्यान्वयन** - अन्तर सरकारी वित्तव्यवस्थापन ऐन, २०७४ को दफा ३ मा स्थानीय तहले स्थानीय कानून बमोजिम अनुसूची- ३ मा उल्लिखित कर तथा तथा गैर कर लगाउन र उठाउन सक्ने व्यवस्था छ। साथै ऐनको अनुसूची - ३ मा स्थानीय तहले सवारी साधन कर, मनोरञ्जन कर, विज्ञापन कर, पर्यटन शुल्क आदि कर संकलन गर्दा प्रदेशले तोकेको उल्लिखित कर समेत संकलन गर्नु पर्ने व्यवस्था छ। पालिकाले उल्लिखित कर अधिकारलाई कार्यान्वयनमा ल्याई कर संकलन गर्न सकेको देखिएन। कमसेकम प्रदेशले तोकेको दर सम्म असुल गर्ने राजस्व संकलन नीति कार्यान्वयन ल्याई स्थानीय कराधिकार फराकिलो बनाउन पालिकाको ध्यान दिनु पर्दछ।

२२ **ढिला राजस्व दाखिला**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २७(१) मा प्रचलित कानून बमोजिम सरकारलाई प्राप्त हुने राजस्व रकम कार्यालयमा प्राप्त भएपछि सोही दिन र सोही दिन सम्भव नभए सोको भोलिपल्ट जिम्मेवार व्यक्तिले राजस्वको लेखा राखी बैङ्क दाखिला गर्नुपर्ने व्यवस्था छ। त्यसै गरी दफा २८(२) बमोजिम आफ्नो जिम्मामा रहेको नगदी दाखिला गर्न बाँकि रहेकोमा कार्यालय प्रमुखले १० दिन सम्म ढिला गरेकोमा दश प्रतिशत जरिवाना सहित दाखिला गर्न लगाउने र सो भन्दा ढिलो गरेमा दश प्रतिशतले जरिवाना गर्न लगाई कसुरको मात्रा अनुसार विभागीय कारवाही समेत गर्न, गराउन सक्ने व्यवस्था छ।यस पालिकामा कार्यरत कर्मचारीले संकलन गरेको राजश्व समयमै बैंक दाखिला नगर्ने दाखिला गरेपनी औषतमा ३ महिना सम्म पनि दाखिला नगर्ने र दाखिला गरेको राजश्व पनी पुरा नगरीकन आंशिक रुपमा मात्र दाखिला गर्ने गरएको पाइयो।नमुना छनौटका आधारमा राजश्व संकलन गर्ने जिम्मेवारी पाएका कर्मचारीहरूले नियमित वडागत राजश्व संकलन गरी आंशिक रूपमा ढिला दाखिला गर्नेको विवरण देहाय अनुसार छ।ढिला दाखिला बापत तिर्नुपर्ने जरिवाना रू.१४२७७२।असुल गरी संचित कोषमा दाखिला गर्नुपर्ने रु.

| व.डा.न. | राज्श्व संकलन कर्ताको नाम | राजश्व संकलन माध्याम | राजश्व संकलन मिति | दाखिला अवधि औषतमा | राजश्व संकलन रू | ढिलो दाखिला रु | ढिला दाखिला वापत तिर्नुपर्ने जरिवाना रु |
|---|---|---|---|---|---|---|---|
| १ | तिल बहादुर राना मगर | नगदी रसिद | २०८१।०४।०१ देखी २०८२।०३।३२ | २ महिना ढिलो | २४१८९० | २४१८९० | २४१८९ |
| २ | भरत बहादुर सिलवाल | नगदी रसिद | २०८१।०४।०१ देखी २०८२।०३।३२ | ३ महिना ढिलो | २१०२६६ | २१०२६६ | २१०२६ |
| ३ | ज्ञानु थापामगर | नगदी रसिद | २०८१।०४।०१ देखी २०८२।०३।३२ | ४ महिना ढिलो | १९२३३४ | १९२३३४ | १९२३३ |
| ४ | सुनिता थापामगर | नगदी रसिद | २०८१।०४।०१ देखी २०८२।०३।३२ | २ महिना ढिलो | १३५२१७ | १३५२१७ | १३५२१ |
| ५ | यम कुमारी घले | नगदी रसिद | २०८१।०४।०१ देखी २०८२।०३।३२ | ४ महिना ढिलो | २४८७१५ | २४८७१५ | २४८७१ |
| ६ | सीता मगर | नगदि रसिद | २०८१।०४।०१ देखी २०८२।०३।३२ | ३ महिना ढिलो | १७८१३७ | १७८१३७ | १७८१३ |
| ७ | शान्ती मगराती | नगदि रसिद | २०८१।०४।०१ देखी २०८२।०३।३२ | ४ महिना ढिलो | २११५१७ | २११५१७ | २११५७ |
| जम्मा | | | | | | | १४१८१० |

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,४१,८१० |

२३ **आय ठेक्का**

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ६२ (क) को उपदफा १ बमोजिम पालिकाले आफ्नो क्षेत्रभित्र वातावरणीय प्रभाव मूल्यांकन तथा प्रारम्भिक वातावरणीय परीक्षणबाट तोकिएको परिमाणमा स्लेट, ढुंगा, गिट्टि, बालुवा एवं माटोजन्य वस्तुको विक्री गर्न सक्ने व्यवस्था रहेको छ। नेपाल सरकारबाट ढुंगा, गिट्टी, बालुवा उत्खनन् बिक्री तथा व्यवस्थापन सम्वन्धी मापदण्ड,२०७७ जारी भएको छ। बागमती प्रदेश सरकारबाट जारी गरिएको प्रदेश आर्थिक ऐन,२०८१ को दफा ९ को उपदफा १ मा आ.व.२०८१।८२ मा माटो, ढुंगा, गिट्टी, बालुवा, स्लेट, चुनढुंगा, र दहत्तर बहत्तरको संकलनमा अनुसूची-५ बमोजिमको शुल्क लगाउने व्यवस्था रहेको छ। यस सम्वन्धी देखिएका व्यहोरा देहय अनुसार छन।

१.सिद्रलेक गाँउपालिकाको नदीजन्य ढुङ्गा गिट्टी बालुवाको प्रारम्भिक बातावरणीय परीक्षण प्रतिवेदन (IEE) मा उल्लिखित प्रतिवेदन अनुसार थोप्ला खोला, बिजुल्ली खोला, सुकौर खोलाबाट १००८९ घ.मी र

आदम खोला र त्रिशुली नदि बगरक्षेत्रको फुर्के खोला बगर पाङ्ग्रे बगर, घाटवेशी वगर तथा जरेपारी पुल बगर बाट २२९५८ घ.मी गरी कुल ३३०४७ घ.मी. अर्थात ११६५८९८।१६ घनफिट ढुङ्गा, गिट्टी, बालुवाको संकलन तथा उत्खनन् गर्न सकिने उल्लेख छ। उक्त परीमाणको लागि कवोल अंक भ्याट सहित रू.१२३१७०००।- को मिति २०८१।०९।०९ मा प्रथम पटक वोलपत्र सुचना प्रकाशन गरेकोमा कवोल अंकका आधारमा अधिकतम प्रस्तावदाता जालपादेवी कन्ट्याक्ट्र्सका संग २०८१।१०।२५ गते सम्झौता गरि ढुङ्गा, गिट्टी, बालुवा, बेस, चिप्स लगायत नदिजन्य पदार्थहरुको उत्खनन्, संकलन, प्रशोधन, वितरणको लागि अनुमति दिएको छ ।

२.निर्माण व्यवसायी मार्फत वातावरणीय परिक्षण प्रतिवेदन अनुसार थोप्ला खोला, बिजुल्ली खोला, सुकौरखोला र आदम खोला र त्रिशुली नदी बगरक्षेत्रको फुर्के खोला बगर पाङ्ग्रे बगर,घाटवेशी वगर तथा जरेपारी पुल बगरबाट कुल ३३०४७ घ.मी. अर्थात १०७५८९।५७ घनफिट परिमाण उत्खनन गर्न मिल्नेमा ठेकेदार जाल्पा देवि कन्ट्याक्ट्र्स ठेक्का नं. SRM/NVB/R/05/2081/082 बाट ३३०४७ घनफिटको उत्खन्न गरेकोमा सोही स्थानमा अमानतबाट समेत १९१०५ घन मि. उत्खन्न गरी कुल ५२१५२ घन.मि. उत्खनन गरेको देखिन्छ । जसले गर्दा वातावरणीय परीक्षण प्रतिवेदन भन्दा ९६२१ घन फिट बढी उत्खनन भएको पाईयो ।

३.ढुंगा गिट्टी वालुवा उत्खनन विक्रि तथा व्यवस्थापन सम्वन्धी मापदण्ड २०७७ को दफा ७ अनुसार उत्खनन तथा संकलनको परिमाण नियन्त्रण गर्नको लागि संकलन उत्खनन आदेश दिनुपूर्व प्राविधिकबाट गरेको नाप जाँच तथा रेखाङ्कनका आधारमा उत्खननमा संकलन क्षेत्र निर्धारण गरी लाईन लेवल समेत दिनुपर्ने उक्त क्षेत्रको नियमित अनुगमन गर्नुपर्ने निर्धारित परिमाण उत्खनन भएको पाईएमा उत्खनन तथा संकलन कार्य बन्द गराउनुपर्ने व्यवस्था गरेको छ।तर पालिकाले संकलन उत्खनन आदेश दिनुपूर्व प्राविधिकबाट गरेको नाप जाँच तथा रेखाङ्कन का आधारमा लाईन लेवल दिएको देखिएन। साथै पालिकाले नियमित अनुगमन गरी उत्खनन् तथा संकलन गरेको परिमाण आवधिक रुपमा नापजाँच गरी यकिन गर्दै जानुपर्नेमा पालिकाबाट नापजाँच गरी प्रतिवेदन पेश गरेको देखिएन।ठेकेदारले पालिका बाट प्रमाणित गराएर ८० ठेली को कुल ४००० प्रती वितरण गरेकोमा ठेकेदारले फिर्ता गरेको छैन। बातावरणीय परीक्षण प्रतिवेदन (IEE) मा उल्लिखित परीमाण उत्खनन गरेको हो भन्ने एकिन गर्न सकिएन । पालिकाले उत्खनन् तथा संकलन गरेको परिमाण नियन्त्रण गरी प्राकृतिक स्रोत साधनको दोहन रोक्ने प्रयास गरेको देखिएन ।

२४ **शसर्त अनुदान** : आर्थिक कार्यविधि ऐन, २०७६ को दफा २४ बमोजिम अधिकार प्राप्त अधिकारीले स्वीकृत बजेट, कार्यक्रम र उपलव्ध श्रोत समेतको आधारमा खर्चको आदेश दिनुपर्ने व्यवस्था छ ।साथै स्वीकृत बजेट तथा कार्यक्रम अनुसार खर्च नभएमा वा कार्यक्रम कार्यान्वयन नभएमा सोमा विनियोजन भएको बजेट संघीय सञ्चित कोषमा फिर्ता गर्नु पर्ने व्यवस्था छ । पालिकाले संघीय शसर्त चालु बजेटको स्वीकृत बजेट तथा कार्यक्रममा खर्च नभएकोमा असम्वन्धित कार्यक्रममा रु. २४५७५४३।- खर्च गरेको देखिएकोले उक्त रकम फिर्ता गरी संघीय सञ्चित कोषमा जम्मा गरेको प्रमाण पेश गर्नु पर्ने रु.

| गो भौ नं र मिति | कार्यक्रमको नाम | खर्च लेखेको | रकम |
|---|---|---|---|
| १८५।०८२।३।२२ | स्थानिय तहका स्वास्थ्य तर्फका कर्मचारीहरुको तलब | मेशिनरी सामानहरु खरिद | ८६३४४७ |
| १९८।०८२।३।२४ | स्थानिय तहका स्वास्थ्य तर्फका कर्मचारीहरुको तलब | फर्निचर खरिद | ६११५५६ |
| २०२।०८२।३।२५ | स्थानिय तहका स्वास्थ्य तर्फका कर्मचारीहरुको तलब | कम्प्यूटर, ल्यापटप खरिद | ९८२५४० |
| जम्मा | | | २४५७५४३ |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २४,५७,५४३ |

२५ **विद्यालयलाई भुक्तानी** (32-2082-01-26):

( ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-१८** को निर्णयले रू **५६,७८४** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-१३** को निर्णयले रू **५२,०५२** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

२६ **इन्टरनेट मर्मत शुल्क भुक्तानी**

दूरसंचार नियमावली, २०५४ (संशोधन समेतको (नियम १५) १ को खण्ड (ज) मा ग्राहकलाई उपलब्ध गराएको दूरसंचार सेवा कुनै कारणले बिग्रेमा प्राधिकरणले तोकिदिएको स्तर अनुरुप निःशुल्क मर्मत संभार गर्नुपर्ने व्यवस्था छ । साथै दूरसंचार सेवा अन्तर्गत फिक्स्ड वायर्ड ब्रोडब्याण्ड सेवा प्रदान गरे वापत लाग्ने महशुलमा बढीमा पचास प्रतिशत सम्म मर्मत संभार शुल्क लगाउन सक्नेछ भन्ने व्यवस्था गरिएको छ । दूरसंचार सेवा प्रदायकले यस कार्यालयलाई इन्टरनेट सेवा उपलब्ध गराएर देहाय वमोजिम इन्टरनेट शुल्क र सोको शतप्रतिशत रकम मर्मत संभार समेत भुक्तानी लिएको देखिएकोले बढी भुक्तानी भएको ५० प्रतिशत मर्मत शुल्कबाट हुन आउने रू. २१६०४।- सेवा प्रदायक सुविसु केवलनेट लि.बाट असुल गर्नुपर्ने रू

| प्रदायक संस्था | गो भौ र मिति | इन्टरनेट शुल्क | मर्मत शुल्क | ५०% हुने रू |
|---|---|---|---|---|
| सुविसु केवलनेट लि. | ३४७/२०८२।२।०६ | १०४९८४ | ४३२०८।२० | २१६०४ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | २१,६०४ |

२७ **विपत व्यवस्थापन कोष**

सिद्दलेख गाउँपालिकाको विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७५ बमोजिम पालिका क्षेत्रभित्र प्राकृतिक तथा गैरप्राकृतिक विपदद्वारा सर्वसाधारणको जीउ ज्यान, सार्वजनिक, निजी तथा व्यक्तिगत सम्पत्ति, प्राकृतिक र सांस्कृतिक सम्पदा, र भौतिक संरचनाको संरक्षण गर्न विपद् व्यवस्थापन कोष स्थापना गरेको छ। ऐनको परिच्छेद (१) मा "गैरप्राकृतिक विपद्" भन्नाले महामारी, अनिकाल, डढेलो, कीट वा सूक्ष्म जीवाणु आतङ्क, पशु तथा चराचुरुङ्गीमा हुने फ्लु, प्यान्डेमिक फ्लू, सर्पदंश, जनावर आतङ्क, खानी, हवाई, सडक, जल वा औद्योगिक दुर्घटना, आगलागी, विषाक्त ग्यास, रसायन वा विकिरण चुहावट, ग्यास विस्फोटन, विषाक्त खाद्य सेवन, वातावरणीय प्रदूषण, वन विनाश, भौतिक संरचनाको क्षति, तथा प्रकोप उद्धार कार्यमा हुने दुर्घटना वा यस्तै अन्य गैरप्राकृतिक कारणले उत्पन्न हुने विपद्लाई बुझिन्छ। त्यसैगरी, "प्राकृतिक विपद्" भन्नाले हिमपात, असिना, हिमपहिरो, हिमताल विस्फोटन, अतिवृष्टि, अनावृष्टि, बाढी, पहिरो, भू-स्खलन, डुबान, खडेरी, आँधी, हुरीबतास, शीतलहर, तातो हावाको लहर, चटयाङ, भूकम्प, ज्वालामुखी विस्फोट, डढेलो वा यस्तै अन्य प्राकृतिक कारणले उत्पन्न हुने कुनै पनि विपद्लाई बुझिन्छ।साथै सिद्धलेख गाउँपालिकाको विपद व्यावस्थापन कोष कार्याविधी २०७९ को दफा १० को च बमोजम आकस्मिक रूपमा निर्माण गर्नुपर्ने बाहेकका अन्य नियमित पुर्वाधार विकास निर्माण सम्वन्धी कार्य गर्न नपाउने उल्लेख छ। पालिकाले देहायका कार्य गर्न ऐन र कार्यविधिमा तोकिएको प्राकृतिक वा

गैरप्राकृतिक र आकस्मिक विपद्सँग सम्बन्धित क्षेत्रमा खर्च नगरी अन्य क्षेत्रमा "विपद्" नामाकरण गरी खर्च गरेको रू. १२९३७१७। नियमसम्मत नदेखिएको रू.

| गो.भौ.न.मिति | विवरण | भुक्तानी पाउनेको नाम | भुक्तानी रकम |
|---|---|---|---|
| ११/२०८२। ०३।२३ | मिन्दुका माध्यामिक विद्यालयको ६५ मिटर बाटो स्तोरउन्नती गर्न RCC ढलान गरिएको | शिलाजित कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि | ९५७७१७ |
| १२/२०८२। ०३।२५ | चक्रदेव कुलो निर्माणअ | चक्रदेव उपभोक्ता समिति | १९२५०० |
| १३/२०८२। ०३।२५ | नेवा खर्क कुलो निर्माण | नेवा खर्क कुलो निर्माण उपभोक्ता समिति | १४३५०० |
| जम्मा | | | १२९३७१७ |

| | |
|---|---|
| अनियमित भएको | १२,९३,७१७ |

२८ **चामडाडा भल्डाडा खानेपानी योजना**

चामडाडा भल्डाडा वडरे वृहत खानेपानी योजनाको लागत अनुमान रु ६७२७६४५।७१ गरकोमा थर्डआई कन्ट्रक्सनसंग रु ५८७५६४१।५६ मा २०८२।2।30 मा निर्माण कार्य सम्पन्न गर्नेगरी २०८१ चैत्र ३१ मा संझौता गरेको छ। उक्त निर्माण व्यवसायीले निर्माण कार्य सम्पन्न गरी अन्तिम विलको माग २०८२।३।२४ मा मात्र गरेको देखियो । उक्त निर्माण व्यवसायीले संझौतामा तोकिएको भन्दा २४ दिन ढिलागरी निर्माणकार्य सम्पन्न गरेकोले संझौता अनुसार संझौतको प्रतिदिन शुन्य दशमलव शुन्य पाँच प्रतिशतकादर (५८७५६४१।५६*०.०५%*२४ दिन) ले पुर्व निर्धारीत क्षतिपुर्तिरु ७०५०७।६९ असुल गर्नुपर्ने देखिन्छ ।

| | |
|---|---|
| असुल गर्नुपर्ने | ७०,५०७.६९ |

२९ **१५ शैया अस्पताल**

१५ शैया अस्पतालको लागत अनुमान रु २०१६४६९२७ गरी वोलपत्रको माध्यम द्वारा जिवि विल्डर्स प्रालिलाई रु १५४५२६९२५ मिति २०८० चैत्र ८ मा २४ महिनामा काम सम्पन्न गर्नेगरी संझौता गरेको छ। उक्त निर्माण कार्यको तेस्रो रनिङ विल सम्मको रु५१३९१७२९ रकमको काम सम्पन्न गरेकोमा देखिएका व्यहोरा निम्न अनुसार छन ।

**भेरिएसन**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११८ मा खरिद सम्झौता गर्दाको बखत पूर्वानुमान गर्न नसकिएको परिस्थिति सो सम्झौता कार्यान्वियनको क्रममा सिर्जना भई ऐनको दफा ५४ बमोजिम सार्वजनिक निकायले भेरिएसन आदेश जारी गर्नु पर्ने व्यवस्था गरेको छ। पालिकाले अस्पताल निर्माण कार्य गराउँदा विओक्युमा भएको आईटम नं ३ को १२४.१४ घन मिटरको रु २३०० का दर काम गर्ने उल्लेख गरेकोमा भेरिएसन आदेश स्वीकृत नगरी १७०.९९ काम गराएको देखियो। पालिकाले विओक्युमा उल्लेखित परिमाण भन्दा वढी परिमाणमा काम गराउन आवश्यक देखिएमा नियमावली तथा संझौतामा उल्लेख भए वमोजिम भेरिएसन आदेश स्वीकृत गरेर मात्र काम गराउनुपर्ने देखिन्छ।

**प्रोभिजनल सम**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को नियम ३९ को १० मा भुक्तानी दिनु पूर्व जिम्मेवार पदाधिकारीले कागजात प्रमाणको जाँच गर्नुपर्ने व्यवस्था रहेको छ।उक्त निर्माण कार्यको प्रोभिजनल सम आईटमको भुक्तानी गर्दा ल्याव टेस्टको रु १६५००० सुरक्षाका समानको रु ५०००० र रिलोकेशन अफ सर्भिसको रु २७०००० गरी जम्मा रु ४८५००० रकम भुक्तानी गरेकोमा विजक तथा उक्त कामको पुस्ट्याई गर्ने सक्कल कागजात वेगर भुक्तानी गरेको देखिएकोले सोको प्रमाण पेश गर्नुपर्ने रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ४,८५,००० |

३० **भेरिएसन**

३०.१ सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११८ मा खरिद सम्झौता गर्दाको बखत पूर्वानुमान गर्न नसकिएको परिस्थिति सो सम्झौता कार्यान्वयनको क्रममा सिर्जना भई ऐनको दफा ५४ बमोजिम सार्वजनिक निकायले भेरिएसन आदेश जारी गर्नु पर्ने व्यवस्था गरेको छ। तर कार्यालयले निम्न अनुसारको योजनाको आईटमहरुमा भेरिएसन आदेश वेगर विओक्युमा उल्लेखित परिमाण भन्दा वढीको भुक्तानी गरेको नियमसंम्मत देखिएन। कानुनमा तोकिए वमोजिम भेरिएसन आदेश स्वीकृत गराएर मात्र काम गराउनुपर्ने देखिन्छ।

| Item No. | Descriptions | | Quantity | | | Rates | | Amount as per Bill | Extra Amount Paid | विओक्यू भन्दा वढी परिमाण र लागत अनुमानको दर भन्दा वढी |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | Unit | As per BOQ | As per Bill | Difference in Quantity | office rate | Rate as per BOQ | | | |
| 1 | 2 | 3 | 4 | 5 | 6=4-5 | | 7 | 8=5*7 | 9=6*7 | |
| बुङ्चुङ आरुवारी भेडावारी मेदान कमला वारी सडक | | | | | | | | | | |
| धादिङ निलकण्ठ निर्माण सेवा प्रालि 18 | soil transport | Cum | 780 | 900 | 120 | 35.4 | 200 | 180000 | 24000 | 19752 |
| 20 | plum concrete | Cum | 84.35 | 112.38 | 28.03 | 10606.23 | 6500 | 730470 | 182195 | |
| 17 | form work | Sq.m | 491.2 | 609.8 | 118.6 | 703.28 | 300 | 182940 | 35580 | |
| 22 | sub base | Cum | 1218 | 1267.47 | 49.47 | 3060.46 | 1800 | 2281446 | 89046 | |
| | | | | | | | | Total | 330821 | |
| पिपलटार भाल्डाडा कृषि सडक | | | | | | | | | | |
| 5 | Stone masanry | cum | 260.95 | 289.46 | 28.51 | 9626.83 | 7000 | 2026220 | 199570 | |
| कम्पुर भञ्ज्याङ हुल्ली भैसे सडक स्तरोन्नती कार्य | | | | | | | | | | |
| | Excavation | cum | 6381.42 | 9132.08 | 2750.66 | | 50 | 456604 | 137533 | |
| वसन्त धवाडी वेनी दोभान मरनघाट सडक | | | | | | | | | | |
| धादिङ निलकण्ठ निर्माण सेवा प्रालि | Excavation | cum | 8316.69 | 11354.25 | 3037.56 | 71.1 | 110 | 1248968 | 334131.6 | 118161.084 |
| अर्चले तारनलाङ सडक | | | | | | | | | | |
| 8 | Stone masanry | cum | 337.8 | 413.46 | 75.66 | 9644.74 | 6000 | 2480760 | 453960 | |
| | | | | | | जम्मा | | | 1456016 | 118161.084 |

| | |
|---|---|
| अनियमित भएको | १४,५६,०१६ |

३०.२ त्यस्तै उल्लिखित तालिकामा गणना गरेअनुसार बुङ्चुङ आरुवारी भेडावारी मेदान कमला वारी सडक आईटम नं १८ र वसन्त धवाडी वेनी दोभान मरघाट सडक खन्ने कामको अफिस दर भन्दा वढि दरमा कवोल गरेको अवस्थामा भेरिएसन आदेश स्वीकृत वेगर अफिस दर भन्दा वढि दरमा भुक्तानी गरेको रकम बुङ्चुङ आरुवारी भेडावारी मैदान कमला वारी सडकको रु १९७५२ र वसन्त धवाडी वेनी दोभान मरनघाट सडकको रु ११८१६१ गरी जम्मा रु १३७९१३ धादिङ निलकण्ठ निर्माण सेवा प्रालिवाट असुल गर्नुपर्ने देखिन्छ।

| असुल गर्नुपर्ने | १,३७,९१३ |
|---|---|

३१ **कर समायोजन**

मुल्य अभिवृद्धि कर नियमावली २०५३ को नियम १८ मा कर विजक सम्वन्धी व्यवस्था गरेको छ। पालिकाले निम्नानुसारका विजक लेखापरीक्षणका क्रममा रितपूर्वक ढांचाको कर विजक पेश नगरेकोले मूल्य अभिवृद्धि कर समायोजन पत्र पेश गर्नुपर्ने देखिन्छ।

| मिति | भौचर | निर्माण व्यवसायी | विवरण | विजक | रकम मुअकर वाहेक | मुअकर |
|---|---|---|---|---|---|---|
| २०८२।३।२५ | २२ | कैलास निर्माण सेवा ६०६२३६३९५ | विजक नं उल्लेख नगरी विजक जारी गरेको | २०८२।३।२० | ९५६७६७.५ | १२४३७९.७९ |
| २०८२।३।६ | ८ | श्री विशाल निर्माण सेवा ३०३४६९०३४ | फोटोकपी विल | | ७९४७८७ | १०३३२२ |
| 2082।03।06 | ९ | श्रीधि सप्लायर्स एण्ड डेभलपर प्रा.लि (भ्याट नं. 610036336) | विजक नं. हातले लेखेको बिल पेश गरेको | विजक नं. 118 (मिति 2082।03।04) | 1368817 | 157012 |
| | | | | | जम्मा | 384713 |

| प्रमाण पेश नगरेको | ३,८४,७१३.७९ |
|---|---|

३२ **वढि भुक्तानी**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्छ। पालिकाले वसन्त धवाडी वेनी दोभान सरनघाट सडक निर्माण कार्यको लागत अनुमान रु.२००९८७९० गरेकोमा धादिङ्ग निलकण्ठ निर्माण सेवा एण्ड सप्लायर्स प्रालिसंग वोलपत्रको माद्यमवाट रु.१८७८४९६७।७५ मा २०८२ जेठ ३० मा काम सम्पन्न गर्नुपर्ने गरी २०८१ माघ ९ मा संझौता गरेको देखियो। उक्त निर्माण कार्यको अध्यावधिक विल अनुसार रु १८७८४९६७ को काम सम्पन्न गरेकोमा ३ वटा गोश्वारा भौचर १३४ वाट रु ६०१८२२६, १६८ वाट रु.४५०४९३३ र ३०३ वाट रु.८३३९०७५ गरी जम्मा रु १८८६२२३७ भुक्तानी गरेकोले रु.७७२७० वढि भुक्तानी गरेको देखिएकोले उक्त रकम असुल गरी संघीय संचितकोष दाखिला गर्नुपर्ने देखिन्छ।

| असुल गर्नुपर्ने | ७७,२७० |
|---|---|

३३ **पुँजीगत खर्चको अवस्था** -

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ९ अनुसार सार्वजनिक निकायले कुनै खरिद गर्नुपर्दा भएसम्म खुल्ला रूपमा बोलपत्र माग गरी खरिद गर्नुपर्नेमा यो वर्ष पुँजिगत शिर्षकबाट रु २३८४६९९०७ खर्च गरेकोमा रु.१६४८९६९४० अर्थात् ६९ प्रतिशत मात्र बोलपत्रबाट खरिद गरेको छ। कुल खरिद मध्ये सोझै रु.१२००००० र उपभोक्ता समितिबाट रु.७०५७२९६७ को खरिद गरेको छ। सोझै, अमानत तथा उपभोक्ता समितिबाट खरिद गर्दा प्रतिस्पर्धा नहुने हुँदा सार्वजनिक खरिदलाई प्रतिस्पर्धी एवं मितव्ययी हुने गरी खरिद गर्ने व्यवस्था मिलाउनु पर्दछ।

३४ **ठेक्का मुल्याङ्कन**

बुङचुङ आरुवारी भेडावारी मेदान कमला वारी सडक निर्माण कार्यको लागत अनुमान रु २९०६२९२२ भएकोमा निलकण्ठ निर्माण सेवा एण्ड सप्लायर्स प्रालिसंग रु १८९८८३८०।२० मा २०८२।२।३० मा कार्य सम्पन्न गर्नेगरी २०८१ माघ ९ मा संझौता गरेकोमा समयमानै निर्माण कार्य सम्पन्न गरेको देखियो। उक्त ठेक्काको सार्वजनिक खरीद नियमावली २०६४ को नियम ६५ (४(ङ) मा वोलपत्रदाताले पेश गरेको कागजात झुट्ट ठहरीए निजले पेश गरेको वोलपत्रलाई मूल्यांकन प्रकृयावाट हटाई ऐनको दफा ६२ बमोजिम कालो सूचीमा राख्न लेखी पठाउने सो सम्बन्धी जानकारी झुठा विवरण लेखि पठाउने वोलपत्रदातालाई मुल्यांकन समितिको वैठकमा वोलाई जानकारी गराउने उल्लेख गरेको छ। उक्त ठेक्काको प्रविधिक प्रस्तावको मूल्यांकन गर्दा आर डि एस निर्माण सेवाले प्रस्ताव फारममा उक्त निर्माण व्यवसायीले संचालन गरीरहेको ठेक्का नभएको उल्लेख गरेकोमा पालिकामा नै २ वटा संचालनमा रहेको उल्लेख गरेकोमा पालिकाले सार्वजनिक खरिद अनुगमन कार्यलयलाई लेखि पठाएको देखिएन।

३५ **सोझै खरिद**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५ अनुसार सार्वजनिक निकायले कुनै पनि खरिदको लागि तोकिएबमोजिम लागत अनुमान तयार गर्नुपर्ने र दफा ८(२) मा यस ऐन र ऐन अन्तर्गत बनेको नियम बमोजिम खरिद गर्दा प्रतिस्पर्धा सीमित हुने गरी टुक्रा टुक्रा पारी खरिद गर्नु नहुने उल्लेख छ। सार्वजनिक खरिद प्रक्रियामा प्रतिस्पर्धा, स्वच्छता, इमान्दारिता, जवाफदेहिता र विश्वसनीयता प्रवर्द्धन गर्न खरिद योजना निर्माण गर्ने, खरिद माग प्राप्त गर्ने, खरिद गर्ने सामानको लागत अनुमान तयार गरी प्रतिस्पर्धात्मक तवरबाट खरिद गर्ने जस्ता प्रक्रियाहरु पुरा गरी सार्वजनिक खरिद कार्य गर्नुपर्ने देखिन्छ।

| मिति | भौचर | विवरण | निर्माण व्यवसायी | रकम |
|---|---|---|---|---|
| ०३/२२/२०८२ | २८६ | सिद्धबाबा मन्दिर अधुरो योजना गोलो ढेवा टावर निर्माण सिद्धबाबा मन्दिर संरक्षण निर्माण कार्य | पारु इन्जिनियरिङ कन्सल्टेन्सी एण्ड कन्स्ट्रक्सन प्रा लि | ९९४००० |
| ०३/११/२०८२ | २२३ | वडा कार्यालय भवन गप ढलान | श्री लाङटाङ कन्सट्रक्सन | ९६५९७१ |
| ०३/०६/२०८२ | २०६ | भेपे देखि कालिदह सडक निर्माण | कैलाश निर्माण सेवा | ४८२१८५ |
| ०२/०६/२०८२ | १५९ | स्वास्थ्य संस्थाहरुको लागि आवश्यक इलेक्ट्रोनिक सामान तथा उपकरण खरिद | मिराकल आई टी. प्रा लि. | ९७३४९५. |
| ०१/२६/२०८२ | १५० | बालकुमारी आमा समुह अधुरोभवन निर्माण | ज्वालामासखी इन्फ्राटेक प्रा लि | ९०४२५५. |
| ०१/१७/२०८२ | १४३ | भालडांडा जाल्पा स्कुल देखि माथिल्लो गाउ सडक स्तरोन्नती | सेरेन कन्स्ट्रसन प्रा.लि. | ७९२०००. |
| १२/१७/२०८१ | ११० | सेरावेशी बोजो भालडांडा सडक | रेड हक कन्ट्रक्सन एण्ड सप्लायर्स प्रालि | ९७२२८४. |

३६ **उपभोक्ता समिति**

३६.१ उपभोक्ताको काम -सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४४ मा उपभोक्ता समितिबाट निर्माण कार्य गराउदा वा सो सम्वन्धी सेवा प्राप्त गर्दा मितव्ययिता, गुणस्तरियता वा दिगोपना अभिवृद्धि हुने भएमा वा परियोजनाको मुख्य उद्देश्य नै रोजगारीको सृजना गर्ने र लाभग्राही समुदायलाई सहभागी गराउने भएमा उपभोक्ता समितिबाट त्यस्तो कार्य गराउन वा सेवा लिन सकिने उल्लेख छ । साथै नियमावलीको नियम ९७(१४) मा उपभोक्ता समितिबाट काम गराउदा श्रममुलक कामको निर्धारण, काम वा सेवामा मितव्ययीता, गुणस्तरीयता, दिगोपना अभिवृद्धि गर्ने तरिका आम्दानी खर्चको अभिलेख, काम वा सेवाको सुपरिवेक्षण र अनुगमन जस्ता विषयमा सार्वजनिक निकायले अपनाउनु पर्ने कार्यविधि सार्वजनिक खरिद अनुगमन कार्यालयले निर्धारण गर्न सक्ने उल्लेख छ । यस कार्यालयले बाटो निर्माण, भवन निर्माण, खानेपानी संरचना र सिंचाई कुलो निर्माण जस्ता कार्य उपभोक्ता समिति मार्फत गराई उपभोक्ताले निर्माण कार्यमा प्रयोग गरेको लोडर, एक्जाभेटर, डोजर, रोलर जस्ता हेभि मेशिनहरू प्रयोग गरेको विल भर्पाईको आधारमा निर्माण कार्य सम्पन्न गरेको प्राविधिक प्रतिवेदनमा उल्लेख गरेको छ । उपभोक्ता मार्फत सम्पन्न गरिएका आयोजना श्रम मूलक, मितव्ययी, गुणस्तरीय र दिगोपना अभिवृद्धि हुने खालको नदेखिएको र परियोजनाको मुख्य उद्देश्य रोजगारी सृजना गर्ने नभएकोले उपभोक्ता मार्फत निर्माण कार्य गराएको मनासिव मान्न सकिएन। सार्वजनिक खरिद नियमावलीमा भएको खरिद सम्बन्धी प्रकृयाको अवलम्वन गर्दै प्रतिस्पर्धात्मक र गुणस्तरिय निर्माण कार्य सम्पन्न गर्ने तर्फ कार्यालयको ध्यान जान जरूरी देखिएको छ।केही उदाहरण निम्न छन्।

| मिति | भौचर | काम तथा उपभोक्ता समिति | लागत | वास्तविक खर्च | भुक्तानी |
|---|---|---|---|---|---|
| २०८२।३।२४ | ३३७ | झार्लाङ्दी डुमीडाँडा सडक स्तरउन्नती उपभोक्ता समिति | १८२७८८७ | १८२८६१७।३१ | १५९२००० |
| ०३/२४/२०८२ | ३३६ | पिपलनलाङ जागेटार सामुदायिक भवन निर्माण उपभोक्ता समिति | १८६४५३३ | १८६५०७४ | १६४६००० |
| ०३/२४/२०८२ | ३२७ | आरुवासटार सविटार सडक स्तरोन्नती उपभोक्ता समिति | १६५९४३६ | १६५२३०० | १४४६००० |
| ०३/२३/२०८२ | ३२० | जुगेखोला हात्तीसुढा महादेवस्थान हुदै ढाप भञ्ज्याङ सडक ग्राभेल कच्ची नाला उपभोक्ता समिति | १८६५३१० | १७८६७७१ | १६३८००० |
| ०३/२२/२०८२ | ३०२ | विश्व भागवत धाम कोष नेपाल परेवाटार शिव मन्दिर निर्माण उपभोक्ता समिति | २७३१९८४ | २७१७२३१ | १४४७००० |
| ०३/२२/२०८२ | २९१ | परेवाटार सामुदायिक विकास समाजको भवन निर्माण उपभोक्ता समिति | २०५११३४ | २०५२६६३ | १८४०००० |
| ०३/२२/२०८२ | २८३ | पिपलटारकुना देखि भालडाँडा डबल कटिङ गरि सडक स्तरोन्नति उपभोक्ता समिति | ९९०२७३ | ९७१२५८ | ८५५००० |
| ०२/१४/२०८२ | १६९ | माझगाउँ देखि रैकर पुछार सम्म सडक निर्माण उपभोक्ता समिति | १९४४१९३ | १९७२७६१ | १७४६०००. |

३६.२ **सामाजिक परीक्षण-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४, को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परीक्षण अन्तर्गत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था बमोजिमको कार्य भएको पाइएन। सार्वजनिक परीक्षणको अभावमा आर्थिक कारोबारमा जवाफदेहिता र पारदर्शिताको प्रवर्द्धन गर्ने कार्यमा बाधा पर्ने देखिन्छ ।यस्तो कार्यमा पालिकाले सुधार गर्नुपर्दछ ।

३७ **पाईप खरिद**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्नेमा नापी जडान सहितको प्राविधिक मूल्यांकन राखेको देखिएन । यस सम्बन्धमा पालिकाले सानो परिमाणमा मर्मत कार्यका लागि मात्र दिएकोले जडानको प्राविधिक मुल्यांकन गर्न नसकिएको जनाएको छ। पालिका खरिद मालसामान वितरण गरेकोमा सामानको सदुपयोग गरी त्यसवाट लक्षित व्यक्तिलाई फाइदा पुगे/ नपुगेको अनुगमन गर्नुपर्दछ।

| मिति | भौचर | विवरण | परिमाण | रकम |
|---|---|---|---|---|
| २०८२।३।२२ | २९९ | पाईप खरिद | २०mm १००० मिटर २५mm ४०० मिटर ३२mm ९०० मिटर ४०mm ४०० मिटर | १९८१०९ |
| २०८१।११।११ | ६६ | पाईप खरिद | २०mm ४६०० मिटर ३२mm ६५० मिटर र जस्तापाता लगायत | ८०५२२५ |
| | | | जम्मा | १००३३३४ |

३८ **कन्टिन्जेन्सी खर्च -**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम१०(७) र अनुसूची १ मा निर्माण कार्यको लागत अनुमान तयार गर्दा वर्क चार्ट स्टाफ खर्च २ प्रतिशत र सानातिना अन्य खर्च २ प्रतिशत गरी ४ प्रतिशत कन्टिन्जेन्सी बापत थप गर्ने व्यवस्था रहेको छ। कार्यालयले रु १८ लाख कन्टिन्जेन्सी खर्च गरेको छ। पालिकाले अधिकांश कन्टिन्जेन्सी रकम कार्यसंचालन तथा अनुगमनमा खर्च गरेको देखिन्छ। महालेखा नियन्त्रक कार्यालयले २०७४ सालमा जारी गरेको एकीकृत आर्थिक संकेत तथा वर्गीकरण र व्याख्या, २०७४ अनुसार विभिन्न खर्च संकेत नम्बरबाट खर्च लेखाङ्कन गर्नुपर्ने रकमहरू सार्वजनिक निर्माण शीर्षकबाट खर्च लेखेको देखिएको छ। जुन उक्त खर्चको संकेत तथा वर्गीकरण अनुसार मेल खाने देखिँदैन। पालिकाले जुन योजनाकोलागि व्यवस्था गरेको कन्टिन्जेन्सी नियमावली वमोजिमका क्रियाकलापमा मात्र नियमअनुसार खर्च गर्नुपर्दछ।

३९ **सम्भाब्यताको अध्ययन**

भौचर नं १३९।२०८२।१।११ वाट पशुस्वास्थ्य आहार र स्थानिय उत्पादनको संभाव्यता सम्वन्धी अध्ययन कार्यक्रमवाट क्रियटिभ मेडिया एण्ड रिसर्च कन्सल्टेन्सीलाई सिद्धलेक गाउपालिकामा रहेका पशु स्वास्थ्य, आहारा र स्थानिय उत्पादनका विविध पक्षहरुको अध्ययन गर्ने, सिद्धलेक गाउपालिकामा रहेका पशु स्वास्थ्य, आहारा र स्थानिय उत्पादनको अवस्था तथा सम्भाब्यताको अध्ययन गर्ने, सिद्धलेक गाउपालिकामा रहेका पशु स्वास्थ्य, आहारा र स्थानिय उत्पादनको सम्भाब्यता सम्बन्धमा आवश्यक सुझाव दिने उद्वेश्यले परामर्श सेवा लिएको प्राप्त अन्तिम प्रतिवेदन टिओआर र कार्यालयको आवश्यक्ता वमोजिम भएको पुस्ट्याई नगरी रु ४९५५०५ भुक्तानी गरेको छ। यस्ता प्रतिवेदन प्राप्त गर्दा कार्यालयको आवश्यक्ता तथा उद्वेश्य पुराहुने किसिमले प्राप्त भए नभएको यकिन गर्नुपर्ने देखिन्छ।

४० **डिपि आर**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ र ९ मा प्रतिस्पर्धात्मक प्रस्ताव माग गरी परामर्श सेवा खरिद गर्नुपर्ने, यस्तो खरिदमा आवश्यकताको पहिचान समेत गर्नुपर्ने व्यवस्था छ। यसरी परामर्श सेवा खरिद गर्दा विभागीय जनशक्तिले सम्भव नहुने विषयमा मात्र परामर्श सेवा लिनुपर्नेमा कार्यालयले सम्भाव्यता अध्ययन, अध्ययन प्रतिवेदन लगायतमा यो वर्ष २ कार्यमा रु.९२०९५० खर्च गरेको छ। यसरी खरिद कार्य गर्दा सोको आवश्यकता, खरिदमा मितव्ययिता, विभागीय जनशक्तिको परिचालन जस्ता पक्षमा विश्लेषण गरेको छैन। यस्ता कार्यक्रम ल्याउँदा आवश्यक्ता तथा विकल्पको विश्लेषण गरेर दिगो खालका योजना छनौट गर्नुपर्ने, प्रतिवेदनको गुणस्तर र कार्यान्वयनको सुनिश्चितता गर्नुपर्ने देखिन्छ।

| क्र. सं . | कार्य विवरण | परामर्शदाताको नाम | स्विकृत लागत अनुमान | खर्च रकम | अध्ययनबाट निर्धारण भएको आयोजनाको लागत |
|---|---|---|---|---|---|
| १ | सातलते गुफा संरक्षण कार्यक्रम | पान इन्जिनियरिङ्ग सोलुशन प्रा.लि. | ४९३४०३ | ४९०४२० | ३१५७२३०४ |
| २ | चामडाँडा भालडाडा बडरे वृहत खानेपानी योजना सिद्धलेक ७ | आर.एल.कन्सल्ट प्रा.लि. | ४३३७०० | ४३०५३० | ९२७५४२६ |
| जम्मा खर्च | | | | ९२०९५० | |

४१ **दिवा खाजा अनुदान**

कार्यक्रम कार्यान्वयन पुस्तिका आ.व. २०८०।८१ को क्रियाकलाप नं. २.७.११.१ मा स्थानीय तहले विद्यार्थीका लागि दिवा खाजा कार्यक्रम कार्यान्वयन गर्दा विद्यालयगत तथ्याङ्कका आधारमा प्रति विद्यार्थी दैनिक रु.१५ का दरले विद्यालय सञ्चालन भएको दिनलाई आधार मानेर वर्षमा १८० दिनका लागि अनुदान दिने व्यवस्था छ। त्यस्तै स्थानीय तहले दिवा खाजा उपलब्ध गराइएका विद्यालयको विद्यार्थी दैनिक हाजिरी पुस्तिका परीक्षामा सामेल भएको दिनसमेतको प्रतिलिपी विद्यालयका प्रधानाध्यापक र वि.व्य.स.अध्यक्षबाट प्रमाणित गराइ स्थानीय तहमा संकलन गरी संख्या यकिन भए पश्चात् मात्र अनुदान दिने व्यवस्था छ । यस वर्ष कार्यालयले ४७ विद्यालयहरुलाई दिवा खाजाका लागि जम्मा रु. ५१४३४६१।- निकासा भएको छ। पालिकाले दिवा खाजाको रकम निकासा गर्दा इमिसमा समावेश भएको तथ्यांकलाई सत्यापन गरेको र दिवा खाजाको माग गर्दा माग फाराममा विद्यालय व्यवस्थापन समितिको अध्यक्ष समेतले प्रमाणित गरेको देखिएन्।पालिकाले हाजिरी संलग्न नगरी निकासा दिएकोले दिवाखाजा निकासाको यथार्थता सम्वन्धमा विश्वस्त हुन सकिएन ।त्यस्तै पालिकाले दिवा खाजामा हुनुपर्ने आवश्यक मात्रा, स्वच्छता र पोषण तत्वका सम्बन्धमा अनुगमन गरी प्रतिवेदन पेश गरेको देखिएन । अत: पालिकाले इमिसको तथ्यांकलाई सत्यापित गराई, विद्यालय व्यवस्थापन समितिको अध्यक्ष समेतले प्रमाणित गरी विद्यार्थीहरुको दिवा खाजा निकासा गर्नु पर्ने र दिवा खाजा गुणस्तर भए नभएको सम्वन्धमा अनुगमन गरी प्रतिवेदन पेश गर्नुपर्दछ।

४२ **पाठ्यपुस्तक अनुदान**

४२.१ कार्यक्रम कार्यान्वयन पुस्तिका आ.व. २०८१।८२ को क्रियाकलाप नं. २.४.६.२ मा स्थानीय तहले विद्यालयले माग गरेको विद्यार्थी संख्या सहित रकमलाई इमिसमा प्रविष्ट तथ्याङ्कसंग सामुदायिक विद्यालयमा कक्षा १ देखि १२ सम्मका विद्यार्थीको यथार्थ तथ्याङ्क सत्यापन गराई सत्यापित विवरण शिक्षा अधिकृतबाट प्रमाणित गरी सोका आधारमा आवश्यक कक्षागत र विषयगत पाठ्यपुस्तकको संख्या एकिन गर्ने व्यवस्था छ । पालिकाले यस वर्ष ४७ विद्यालयलाई नि:शुल्क पाठ्यपुस्तक खरिदको लागि रू. २६४२३९५।- निकासा गरेकोमा पालिकाले इमिसमा प्रविष्ट तथ्याङ्कसंग विद्यार्थीको यथार्थ तथ्याङ्क सत्यापन गराएको देखिएन ।

अत: पालिकाले इमिस तथ्याङ्कलाई विद्यार्थीहरुको यथार्थ तथ्यांकसंग सत्यापन गराई प्रमाणित गराएर मात्र निकासा दिनुपर्ने, विद्यालयले समयमा पाठ्यपुस्तक खरिद गरी विद्यार्थीहरुलाई पुस्तक उपलब्ध गराए नगराएको, पाठ्यसामग्री पाठ्यक्रम विकास केन्द्रको स्वीकृत सूचि अनुसार भए नभएको सम्वन्धमा निरन्तर अनुगमन गरी प्रतिवेदन पेश गर्नुपर्दछ।

४२.२ **बढी निकासा:**

( ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२१** को निर्णयले रू **६६,१४१** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

४३ **स्यानिटरी प्याड**

४३.१ पालिकाले कक्षा ६ देखि १२ कक्षासम्म अध्ययनरत छात्राहरुको लागि यस आर्थिक वर्षमा गुडलक सर्जिकल एण्ड डेन्टल ट्रेडबाट रु.९१५०९६।-मा १८००० थान पाकेट स्यानिटरी प्याड खरिद गरेको छ । यस सम्वन्धमा देखिएका व्यहोराहरु निम्न छन्:

४३.२ **स्पेशिफिकेसन, परिमाण र वितरण :** स्यानिटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि, २०७६ को दफा (४) मा उपदफा (३) बमोजिम प्राप्त भएको बजेटलाई स्थानीय तहले आफ्नो क्षेत्रभित्रका सामुदायिक विद्यालयहरुको शैक्षिक सूचना व्यवस्थापन प्रणालीको तथ्याङ्कसँग भिडाइ अनुसूची-१ मा उल्लेख गरिए बमोजिमको साइजको स्यानिटरी प्याड प्रचलित कानून बमोजिम खरिद गर्नुपर्ने,दफा ५ माविद्यालयले आफ्ना छात्राहरुको संख्याका आधारमा आवश्यक पर्ने सेनिटरी प्याड शिक्षा शाखा मार्फत स्थानीय तहमा माग गरी पठाउनु पर्ने, माग भएको संख्यालाई शिक्षा शाखाले स्थानीय तहमा भएको शैक्षिक व्यवस्थापन सूचना प्रणालीको तथ्याङ्कसँग भिडाई विद्यालयलाई आवश्यक हुने सङ्ख्यामा सेनिटरी प्याड उपलब्ध गराउनु पर्ने, व्यवस्था छ । सो कार्यविधिको अनुसूची १ बमोजिमको स्पेसिफिकेसनमा स्यानिटरी प्याडको साइजL-240± 20mm, 60-75mm, Thickness 15±2mm हुनुपर्नेमा पालिकाले निर्देशिकाले तोकेको भन्दा ठूलो साइज अर्थात् 320 mm को प्याड खरिद गरेको छ ।ठूलो साइजको खरिद गर्दा स्वत: लागत बढी लाग्ने हुनाले आवश्यक भन्दा कम परिमाण खरिद हुने हुंदा नपुग हुन जान्छ । तसर्थ निर्देशिकाले तोके बमोजिम 240± 20 mm को साइजको प्याड खरिद गर्नु पर्दछ । त्यस्तै विद्यालयबाट प्राप्त ६-१२ को तथ्यांक अनुसार छात्राहरुको संख्या १२४१ जना रहेको **र १वर्षमा १० महिनाको लागि स्यानिटरी प्याड परिमाण २४८२० पाकेट आवश्यक पर्ने देखिन्छ । यस आर्थिक वर्षमा पालिकाले १८००० पाकेट खरिद गरी १४९८५ पाकेट वितरण गरेको देखिन्छ । पालिकाले यस वर्ष आवश्यक पर्ने भन्दा ६८२० पाकेट घटी परिमाण स्यानिटरी प्याड खरिद गरेको देखिन्छ । यसरी ६८२० पाकेट घटी परिमाण खरिद हुंदा ३४१ जना छात्राको लागि स्यानिटरी नपुग हुने देखिन्छ ।** पालिकाले विद्यालयहरुबाट गत आर्थिक वर्षको परिमाण मध्येवाट वितरण गरी बांकी परिमाण र सो परिमाण समेतको आधारमा १० महिनाको लागि आवश्यक पर्ने परिमाणको माग संकलन गरी आवश्यक परिमाण खरिद गर्नु पर्नेमा सो बेगर खरिद गरेको देखिएकोले खरिद गरेको परिमाण पर्याप्त भए नभएको सम्वन्धमा एकिन गर्न सकिएन । तसर्थ पालिकाले छात्राको इमिस संख्या, विद्यालयको माग, गत वर्षको वितरण गरी बांकी मौज्दातको आधारमा आवश्यकताको पहिचान गरी निर्देशिकाले तोकेको स्पेसिफिकेशन बमोजिमको स्यानिटरी प्याड खरिद गरी वितरण गर्नु पर्दछ ।

४३.३ **बितरण गरेका भरपाई:**

( ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२१** को निर्णयले रू **२३०,३६८** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

४४ **छात्रबृत्ति अनुदान**

( ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-१२** को निर्णयले रू **७,३००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

४५ **सामाजिक सुरक्षा तर्फ**

४५.१ **वर्गगत सामाजिक सुरक्षा खर्च -** सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधी २०७७ अनुसार सामाजिक सुरक्षा भत्ता वितरण गर्नुपर्ने व्यवस्था छ।यस सम्वन्धमा देखीएका व्यहोरा देहाय बमोजिम छन। यस पालिकाले यस आर्थिक वर्षमा सामाजिक सुरक्षा भत्ता बापत यस बर्ष बैंक मार्फत रु. १४०६०२३९२।वितरण गरेको विवरण उपलब्ध गराएकोमा वर्गगत सामाजिक सुरक्षा भत्ता वितरणको विवरण निम्नानुसार छन।

| क.सं. | सामाजिक सुरक्षा भत्ता पाउने समुह | कायम संख्या | वितरण गरेको संख्या | वितरण गरेको रू. | फिर्ता रु |
|---|---|---|---|---|---|
| १ | अन्य जेष्ठ नागरिक | २१९२ | २१९१ | १०५१६८००० | १४६०३३ |
| २ | अति अशक्त अपाङ्गता भत्ता | १८८ | १८८ | ४८००७६८ | १३१३५ |
| ३ | जेष्ठ नागरिक एकल महिला | १३८ | १३८ | ४४०४९६० | |
| ४ | जेष्ठ नागरिक भत्ता दलित | २२६ | २२५ | ७१८२००० | |
| ५ | दलित बालबालिका | ३२१ | ३२१ | २०४९२६४ | |
| ६ | पुर्ण अपाङ्गता भत्ता | ६५ | ६५ | ३११२२०० | |
| ७ | विधवा | ४३५ | ४३५ | १३८८५२०० | |
| ८ | जम्मा | ३५६५ | ३५६३ | १४०६०२३९२ | १५९१६८ |

४५.२

**के वाई सी अद्यावधिक नभएको**- सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को बुँदा नं. २४ अनुसार बैंकले सामाजिक सुरक्षा भत्ता सम्बन्धित लाभग्राहीको नाममा शुन्य मौज्दातमा खाता खोली जम्मा गरिदिने र सम्बन्धित लाभग्राहीले कागजात पेश गरे पश्चात खाता सक्रिय हुने उल्लेख छ । पालिकाले हरेक बर्ष खाता अद्यावधिक नगरी लाभग्राहीको खातामा रकम जम्मा गरेकोले वास्तविक लाभग्राह्ी हुन होइनन एकीन गर्न सकिएन। व्यक्तिगत विवरण प्राप्त गरी लाभग्राहीको खाता निरन्तर अध्यावधिक गर्नुपर्दछ ।

४५.३ **मृतकको खातामा रकम भुक्तानी**

सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को नियम १५(४) मा मृत्यु भइसकेका व्यक्तिले मृत्यु भएको दिनसम्मको भत्ता निजको हकवालाले पाउने व्यवस्था छ । पालिकाले सामाजिक सुरक्षा भत्ता वितरणका लागि रकम निकासा गरेकोमा बैंकले बुझाएको भरपाईमा मृत्यु भइसकेका देहायका व्यक्तिहरुको खातामा समेत रकम जम्मा गरेको पाइयो। पालिकाले प्रत्येक बर्ष लाभग्राहीहरुको विवरण अद्यावधिक गरि मृत्यु भएका व्यक्तिहरुको लगतकट्टा गरी बैंकलाई रकम जम्मा गर्न आवश्यक निकासा गर्नुपर्नेमा सो गरेको छैन। अत: मृत्यु भएका व्यक्तिको खातामा निकासा भएको रकम भुक्तानी लिने व्यक्तिबाट असुल हुनुपर्ने रु

| क्र.सं. | वडा नं. | परिचय नं. | नाम | लगत कट्टा लागुमिति | लगत कट्टा गरेकोमिति | फिर्ता रकम |
|---|---|---|---|---|---|---|
| १ | २ | २.०१००८E+१२ | विजुलीठकुरी | ०२/ ०२/ २०८२ | ०३/ ०३/ २०८२ | २९३४ |
| २ | २ | २.०१८१E+१२ | दिलमायाँमगर | ०५/ ०५/ २०८१ | ०६/ ०६/ २०८१ | १२७० |
| ३ | २ | २.०१११E+१२ | पूर्ण राजगिरी | ११/ ११/ २०८१ | १२/ १२/ २०८१ | १७३३ |
| ४ | २ | २.००९१E+१२ | नन्दकुमारी अर्याल | १०/ १०/ २०८१ | १२/ १२/ २०८१ | १२८५७ |
| ५ | ४ | २.०३००९E+१२ | नन्दकुमारी मगर | ११/ ११/ २०८१ | ०५/ ०५/ २०८२ | १८४२० |
| ६ | १ | १.९९७०२E+१२ | होमकुमारीतिमल्सिना | ०७/ ०७/ २०८१ | ०६/ ०६/ २०८२ | ३६०० |
| ७ | ३ | २.००३०८E+१२ | दमन्तीमगर | ०६/ ०६/ २०८१ | ०९/ ०९/ २०८१ | ५०६७ |
| ८ | १ | २.०००११E+१२ | अम्बरबहादुर गुरुङ | ०८/ ०८/ २०८१ | १२/ १२/ २०८१ | ७९८ |
| ९ | १ | २.०१००३E+१२ | मधुमायाखाती | ०३/ ०३/ २०८२ | ०६/ ०६/ २०८२ | २४००० |
| १० | ४ | २.०६२१E+१२ | अमित थापामगर | ०३/ ०३/ २०८२ | ०५/ ०५/ २०८२ | ७९८० |
| ११ | ६ | १.९९५०९E+१२ | बल बहादुरथापा मगर | ०६/ ०६/ २०८१ | ०९/ ०९/ २०८१ | ११९७ |
| १२ | २ | १.९९३०८E+१२ | पीताम्बरअर्याल | ०१/ ०१/ २०८२ | ०३/ ०३/ २०८२ | २२६७ |
| १३ | ५ | १.९९४१E+१२ | नामनारायण श्रेष्ठ | ११/ ११/ २०८१ | ०२/ ०२/ २०८२ | २१३३ |
| १४ | ४ | १.९९८०५E+१२ | लाल ब.थापामगर | ०९/ ०९/ २०८१ | १०/ १०/ २०८१ | ९४८ |
| १५ | ४ | १.९९९११E+१२ | लाल ब.थापा | १२/ १२/ २०८१ | ०३/ ०३/ २०८२ | ३६०० |
| १६ | २ | २.००००८E+१२ | डन्डबहादुर मगर | ०१/ ०१/ २०८२ | ०३/ ०३/ २०८२ | १२७०० |
| १७ | ४ | २.००५०४E+१२ | नरी मायाथापा मगर | ०९/ ०९/ २०८१ | १०/ १०/ २०८१ | ३६०० |
| १८ | ५ | २.००६०४E+१२ | दल बहादुरगुरुङ | १२/ १२/ २०८१ | ०२/ ०२/ २०८२ | २००० |
| १९ | ५ | २.०१२०५E+१२ | सिता देवीश्रेष्ठ | ११/ ११/ २०८१ | ०५/ ०५/ २०८२ | १२८६९ |
| २० | २ | २.००२१२E+१२ | चेतबहादुर मल्ल | १२/ १२/ २०८१ | ०३/ ०३/ २०८२ | १२१०७ |
| २१ | १ | १.९९१०८E+१२ | मायादेवीअर्याल | ०९/ ०९/ २०८१ | १२/ १२/ २०८१ | ३०६५ |
| २२ | १ | १.९९३०५E+१२ | यदुनाथतिमल्सेना | ०४/ ०४/ २०८२ | ०५/ ०५/ २०८२ | ८०० |
| २३ | १ | २.००७११E+१२ | रामबाबुनहर्की | ०८/ ०८/ २०८१ | १२/ १२/ २०८१ | ७७३४ |
| जम्मा | | | | | | १४२३०९ |

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-१३** को निर्णयले रू **५,३२०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,४२,३०९ |

४५.४ **पारदर्शिता-** सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि, २०७७ को दफा ३२ मा स्थानीय तहको कार्यालयले लाभग्राहीको नाम दर्ता तथा नवीकरण प्रक्रिया, भत्ताको दर, प्राप्त हुने बैंक, लाभग्राहीले पुरा गर्नुपर्ने प्रक्रिया जस्ता भत्ता सम्बन्धी जानकारी स्थानीय सामाजिक संघ संस्था, गैरसरकारी संस्था, सामाजिक परिचालनमा संलग्न संस्था समेतको सहयोग लिएर अनिवार्य रुपमा प्रचार प्रसार गर्ने र भत्ता प्राप्त गर्ने लाभग्राहीहरुको नामावली सम्बन्धित स्थानीय तहको वेभसाइटमा राख्ने व्यवस्था गरेकोमा कार्यालयले उल्लिखित व्यवस्था परिपालना गरेको पाइएन। कार्यविधिमा उल्लिखित व्यवस्था परिपालना गरी सामाजिक सुरक्षा कार्यक्रमको पारदर्शिता प्रवर्द्धन गर्नुपर्दछ ।

४५.५ **निष्क्रिय खाताको रकम फिर्ता -** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को बुँदा नं २६ अनुसार सामाजिक सुरक्षा कार्यक्रमको लागि निकासा भएको रकम सोही आर्थिक वर्षमा खर्च नभएमा संघीय संचित कोषमा फिर्ता गर्नुपर्दछ। राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण विभागको च.न.६७ मिति २०८१।६।६ अनुसार २०७८ श्रावण १ गते भन्दा पहिले सामाजिक सुरक्षा भत्ताकालागि खोलिएका खाताहरु निष्क्रिय भएको भए लाभग्राहीको सम्पुर्ण विवरण माग गरी निष्क्रिय खाताको रकम फिर्तागर्ने र Parking वा Settlement account मा रहेको २०८१ असार मसान्त भन्दा पहिलेको रकम फिर्ता गर्नुपर्ने व्यवस्था छ। हालसम्म लाभग्राहीको संख्या अनुसार सामाजिक सुरक्षा भत्ता बैंक मार्फत भुक्तानी गर्दै

आएको छ। पालिका बाट प्राप्त विवरण अनुसार देहायका बैंकमा रहेको निष्क्रिय खाताको रकम व्याजसहित संघीय कोषमा फिर्ता हुनु पर्दछ ।

| क्र.सं. | बैंकको नाम | निस्क्रिय संख्या | निस्क्रिय रकम रु. |
|---|---|---|---|
| १ | कुमारी बैङ्क लिमिटेड सिद्धलेक शाखा | ४६८ | ३०९२९२८।६२ |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ३०,९२,९२८.६२ |

# अनुसूचीहरू

## अनुसूची - १

## आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८१/८२

कार्यालय र स्थान : सिद्धलेक गाउँपालिका, धादिङ , सिद्धलेक गाउँपालिका , धादिङ

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | Binod Kumar Adhikari | २०८१-१-३ | २०८१-५-१३ |
| कार्यालय प्रमुख | Ram Prasad Sharma | २०८१-०७-१२ | २०८२-०७-३० |
| लेखा प्रमुख | टिकाराम अधिकारी | २०८१-०६-१४ | हाल सम्म कार्यरत |

बेरुजु वर्गीकरण:

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| ७७९,०१०.६९ | ४,५२१,८७७ | ८,४४२,३९७.४१ | ० | ० | २,४५०,००० |
| **प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.** | | | | | १६,१९३,२८५.१ |
| **प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौट गरी संपरीक्षण भएको रकम रु.** | | | | | २,२०९,८०९ |
| **संपरीक्षणबाट थप भएको बेरुजू रु.** | | | | | ० |
| **लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.** | | | | | १३,९८३,४७६.१ |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| गत बर्षको जिम्मेवारी | | ४८९६०२६८.१९ | |
| आम्दानी | | खर्च | |
| संघीय सरकारबाट अनुदान | ३९७१२००३७ | चालु खर्च | ३४५३८६९६८.५६ |
| प्रदेश सरकारबाट अनुदान | ५५५२१७३६.५४ | पूँजीगत खर्च | २३८४६९९०७ |
| राजश्व बाँडफाँट | ९७०५१३८०.४८ | वित्तीय/अन्य व्यवस्था | १६५४१००८८ |
| आन्तरिक आय | २५६६८२८०.८७ | | |
| अन्य आय | १६७६२९४१३.४२ | | |
| कुल आय | ७४२९९०८४८.३१ | कुल खर्च | ७४९२६६९६३.५६ |
| बाँकी मौज्दात | | ४२६८४१५२.९४ | |

## अनुसूची - २

## बेरूजु दफा २.१ सँग सम्बन्धित विवरण - अनुसूची - ३

| |
|---|
| सिद्धलेक गाउँपालिका |
| गाउँ कार्यपालिकाको कार्यालय, धादिंग |
| वित्तीय प्रतिवेदन |
| आ.व. : २०८१/८२ अवधी : २०८१/०४/०१ - २०८२/०३/३२ |
| प्राप्ति र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (बजेट र गैरबजेट निकाय) |

| क्र.स./आर्थिक सङ्केत | विवरण | टिप्पणी नं | चालु आ.ब.को कारोबार | | | गत आ.ब. को कारोबार | |
|---|---|---|---|---|---|---|---|
| | | | नगद | तेस्रो पक्ष भुक्तानी (सोझै भुक्तानी) | जम्मा | नगद | तेस्रो पक्ष भुक्तानी (सोझै भुक्तानी) |
| | राजस्व, अनुदान र अन्य प्राप्ति | | | | | | |
| ११००० | कर | | १०,४५,१४,६५४.२४ | ० | १०,४५,१४,६५४.२४ | ९,३५,३१,२७२.८७ | ० |
| १३००० | अनुदान | | ४५,२६,४१,७७३.५४ | ० | ४५,२६,४१,७७३.५४ | ३८,३९,३५,२३८.७३ | ० |
| १४००० | अन्य राजस्व | | १,७६,५५,४५४.११ | ० | १,७६,५५,४५४.११ | १,१४,५३,४४६.२९ | ० |
| १५००० | विविध प्राप्ति | | ५,४९,५५३.०० | ० | ५,४९,५५३.०० | ३७२. | ० |
| क | कुल जम्मा प्राप्ति | | ५७,५३,६१,४३४.८९ | | ५७,५३,६१,४३४.८९ | ४८,८९,२०,३२९.८९ | |
| ३ | चालु | | ३४,५३,८६,९६८.५६ | ० | ३४,५३,८६,९६८.५६ | ३३,८२,०८,८८१.६३ | ० |
| २१००० | पारिश्रमिक / सुविधा | | ५,५३,८६,३०७.६२ | ० | ५,५३,८६,३०७.६२ | १७,२९,२०,५३१.२१ | ० |
| २२००० | मालसामान तथा सेवाको उपयोग | | ८,५२,३४,८३१.९४ | ० | ८,५२,३४,८३१.९४ | १४,४५,७८,०७३.४२ | ० |
| २५००० | सहायता (Subsidy) | | १९,१७,७३,६३७.०० | ० | १९,१७,७३,६३७.०० | १,१७,४२,५९८.०० | ० |
| २७००० | सामाजिक सुरक्षा | | ९०,९९,४८३.०० | ० | ९०,९९,४८३.०० | ७७,०६,४४५.०० | ० |
| २८००० | अन्य खर्च | | ३८,९२,७०९.०० | ० | ३८,९२,७०९.०० | १२,६१,२३४.०० | ० |
| ४ | पूंजीगत | | २३,८४,६९,९०७.०० | ० | २३,८४,६९,९०७.०० | १८,०१,३२,२०९.०० | ० |
| ३१११० | भवन तथा संरचना | | ६,९१,८५,०१७.०० | ० | ६,९१,८५,०१७.०० | ८४,२२,७६८.०० | ० |
| ३११२० | सवारी साधन, मेशिनरी औजार, फर्निचर्स तथा फिक्चर्स | | २४,३१,८६०.०० | ० | २४,३१,८६०.०० | १,२१,९८,८०५.०० | ० |
| ३११३० | अन्य पूँजीगत खर्च | | १७,२२,५७०.०० | ० | १७,२२,५७०.०० | ० | ० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ३११५० | सार्वजनिक निर्माण | | १६,४०,५६,९५५.०० | ० | १६,४०,५६,९५५.०० | १५,९४,४८,८४१.०० | ० |
| ३११६० | निर्मितसरचनाको सुधार खर्च | | ५,७८,०००.०० | ० | ५,७८,०००.०० | ० | ० |
| ३११७० | पूँजीगत सुधार खर्च | | ४,९५,५०५.०० | ० | ४,९५,५०५.०० | ६१,७९५.०० | ० |
| ख) | कुल जम्मा भुक्तानी | | ५८,३८,५६,८७५.५६ | | ५८,३८,५६,८७५.५६ | ५१,८३,४१,०९०.६३ | |
| ग) | बचत /कमी (ग = क-ख ) | | (८४,९५,४४०.६७) | | (८४,९५,४४०.६७) | (२,९४,२०,७६०.७४) | |
| घ) | धरौटी, आकस्मिक कोष लगायतका अन्य कोषको मौज्दातको थप/घट (+/-) | | ६४,७४,१०२.५० | | ६४,७४,१०२.५० | (५,०९,९९४.९४) | |
| घ.१) | कट्टी रकम भुक्तानी/दाखिला गर्न बाकी | | | | | (१,१७,०३२.००) | |
| ङ) | यस आ.ब.को नगद तथा बैंक मौज्दात (बचत /(कमी)) ( ङ = ग+घ) | | (२०,२१,३३८.१७) | | (२०,२१,३३८.१७) | (२,९९,३०,७५५.६८) | |
| च) | गत आ.व.को नगद तथा बैंक मौज्दात | | ४,४७,०५,४९१.११ | | ४,४७,०५,४९१.११ | ६,७९,७२,३०३.९७ | |
| छ) | विनिमय नाफा/घाटा तथा अन्य समायोजन | | | | | | |
| ज) | आ.व. अन्तको बाँकी नगद तथा बैंक मौज्दात ( ज= ङ+च+छ) | | ४,२६,८४,१५२.९४ | | ४,२६,८४,१५२.९४ | ३,८०,४१,५४८.२९ | |
| लेखाप्रमूख | | | कार्यकारी अधिकृत | | | महालेखापरीक्षकको कार्यालय | |

# सुझाव

स्थानीय तहहरूद्धारा प्रदान गरिने सेवालाई छिटो, सरल, सुलभ र गुणस्तरीय बनाई स्थानीय जनताको जीवनस्तरमा सुधार ल्याउन यस स्थानीय तहले कानुन तथा नीति निर्माण, साधन स्रोतको प्रभावकारी परिचालन, विकास प्रशासन, राजस्व परिचालन, नियमित सेवा प्रवाह, आर्थिक प्रशासन लगायतका विषयमा तपसिल अनुसारका सुधार गर्नुपर्दछः

- वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम सम्बन्धित मार्गदर्शनमा तोकिएबमोजिम विनियोजनमा कुशलता, कार्यान्वयनमा दक्षता र अपेक्षित नतिजा प्राप्त हुने गरी बजेट विनियोजन गरी समयमै पारित गर्नुपर्दछ।
- आन्तरिक आयका क्षेत्रहरू पहिचान गरी आन्तरिक आय वृद्धि गर्नुपर्दछ। कार्ययोजना तयार गरी विगतका आय बक्यौता असुल गर्ने व्यवस्था गर्नुपर्दछ।
- नेपालको संविधानको धारा ५९ को उपधारा ७ मा सङ्घ, प्रदेश र स्थानीय तहको बजेट घाटा व्यवस्थापन तथा अन्य वित्तीय अनुशासन सम्बन्धी व्यवस्था संघीय कानुन बमोजिम हुने उल्लेख भएकोमा कतिपय प्रदेश र स्थानीय तहले यस सम्बन्धी कानुन निर्माण गर्दा संघीय कानुनसँग सामाञ्जस्यता कायम नगरेकोले यसमा सुधार हुनुपर्दछ ।
- स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन अनुसार मात्र पदाधिकारीलाई तोकिएको सुविधा व्यवस्था गर्नुपर्दछ। निर्वाचित हुने पद बाहेक राज्यकोषबाट तलव सुविधा बेहोर्ने गरी नियुक्त हुने सबै पदमा योग्यता र मापदण्ड तोकिनुपर्दछ ।
- स्थानिय सेवा ऐन र नियम अनुसार सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा सङ्गठन संरचना निर्माण गरी स्थायी पद सिर्जना, पद दर्ता र पदपूर्ति गरी कर्मचारी व्यवस्थापन गर्नुपर्दछ।
- भौगोलिक अवस्था, स्रोतको उपलब्धता, सेवा प्रवाहको अवस्थासमेतका आधारमा कानुन बमोजिम जनशक्ति व्यवस्थापन गर्नुपर्दछ । पदाधिकारी तथा कर्मचारीहरूको क्षमता विकास गरी कार्यसम्पादनमा प्रभावकारिता ल्याउन प्रशिक्षण तथा तालिमको व्यवस्था गर्नुपर्दछ।
- अनुदान दिने विषय, क्षेत्र, वर्ग, समूहबारे कानुनबाट नै स्पष्ट गरी अन्तिम प्रयोगकर्तालाई प्रत्यक्ष फाइदा पुग्ने तथा उत्पादन र उत्पादकत्वमा वृद्धि हुने गरी अनुदान प्रदान गर्नुपर्दछ । अति विपन्न र न्यून आय वर्गलाई सेवामा पहुँच दिन प्रदान गरिने सुविधा सोही वर्गमा पुगेको सुनिश्चित गर्न सो प्राप्त गर्नेको विवरण सार्वजनिकीकरण गर्नुपर्दछ ।
- व्यावसायिक प्रकृतिको संस्थाहरूलाई पुँजीगत अनुदान प्रदान गर्दा लाभग्राहीले प्राप्त गर्ने लाभको सुनिश्चितता हुनुपर्दछ । यस्ता संस्थाहरु विघटन भएमा बाँकी सम्पत्ति लगानीको अनुपातमा फिर्ता हुने सुनिश्चितता हुन पर्दछ। यस्तो निर्माण व्यक्तिगत स्वामित्व रहेको जग्गा वा सम्पत्तिमा गरिनु हुँदैन ।
- एउटै प्रकृतिको काममा समेत लागत अनुमान टुक्र्याई सोझै खरिद गर्ने, पूर्वानुमान गर्न सकिने अवस्थामा पनि लागत अनुमान यथार्थपरक तवरले तयार नगरी भेरिएसनबाट थप कार्य गराउने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ।
- खरिद सम्झौताको निर्धारित समयमा ठेक्काको काम सम्पन्न गर्नुपर्दछ। म्याद थप कार्यलाई वस्तुनिष्ठ र तथ्यमा आधारित बनाउनुपर्दछ। निर्माण व्यवसायी वा उपभोक्ताबाट भएको निर्माण कार्यको विस्तृत विवरण देखिने गरी तोकिएको ढाँचामा अभिलेख राख्नुपर्दछ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८(५) बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक तथा सामाजिक परीक्षण र सार्वजनिक सुनुवाइ गर्नुपर्दछ।
- स्थानीय तहले आन्तरिक आयको परिधिभित्र रही मापदण्डका आधारमा आर्थिक सहायता वितरण गरी प्राप्त गर्नेको नाम सार्वजनिक गर्नुपर्दछ। त्यसैगरी अनुत्पादक र वितरणमुखी कार्यक्रममा गरिने खर्च घटाउनुपर्दछ।
- आधारभूत तथा माध्यमिक तहका विद्यालयहरूमा प्रचलित नियमले तोकेअनुसार शिक्षक विद्यार्थी अनुपातको आधारमा शिक्षक संख्या कायम गरी बढी भएका शिक्षकहरू समायोजन गर्नुपर्दछ।
- एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा रहेका विद्यार्थी संख्याको आधारमा दिवा खाजा, छात्रवृत्ति, पाठ्यपुस्तक र अन्य अनुदान रकम विद्यालयलाई निकासा दिनुपर्दछ ।
- बजेट तर्जुमा पूर्व नै अनुमान गर्न सकिने शीर्षकमा समेत अर्थ विविध वा अबण्डामा बजेट राख्ने र वर्षान्तमा रकमान्तर गरी खर्च गर्ने परिपाटी नियन्त्रण गर्नुपर्दछ।

- पूर्व तयारीका कार्य सम्पन्न भएका आयोजनामा मात्र बजेट विनियोजन गर्नुपर्दछ। स्रोतको सुनिश्चितताबेगरका कार्यक्रम/आयोजनामा आगामी वर्षको लागि दायित्व सिर्जना गरी भुक्तानी बाँकी राख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।
- कार्यालय तथा अस्पताल भवन, सडक, सिँचाइ, खानेपानी जस्ता आयोजनाहरू कार्यान्वयन गर्दा स्पेसिफिकेशनले तोकेको संख्यामा निर्माण सामग्रीहरूको गुणस्तर परीक्षण गराउनुपर्दछ। साथै रनिङ्ग बिलसाथ गुणस्तर परीक्षण प्रतिवेदन संलग्न गरेर भुक्तानी दिनुपर्दछ।
- उपभोक्ता समितिबाट काम गराउँदा खरिद सम्झौतामा तोकिए बमोजिमको जनसहभागिताको अंश समितिबाट व्यहोर्ने गरी सम्झौता गरेकोमा कतिपय काममा सो अंश व्यहोरेको यकिन नगरी भुक्तानी दिएकोले सम्बन्धित कर्मचारीलाई जवाफदेही बनाउनुपर्दछ ।
- जटिल प्रविधि तथा उपकरणको प्रयोग हुने निर्माण कार्य र सामग्री खरिद गर्ने कार्य समेत उपभोक्ता समितिबाट गराएकोले सोमा नियन्त्रण हुनुपर्दछ ।
- कृषि, पशु, सहकारी संस्था लगायतलाई विभिन्न प्रयोजनमा अनुदान उपलब्ध गराउँदा किसानको सूचीकरण, वर्गीकरण, परिचयपत्रको व्यवस्था गरी तीनै तहको समन्वयमा दोहोरो नपर्ने व्यवस्था गर्दै एकीकृत विद्युतीय अभिलेख राखी वितरण गर्नुपर्दछ। नाफामूलक संस्थालाई अनुदान वितरण गर्नु हुँदैन।
- सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) तथा विद्यमान सहकारी ऐन तथा नियमको आधारमा सहकारी संस्थाहरूको सुपरिवेक्षण गरी उक्त ऐन नियम अनुसार सञ्चालन भए नभएको सुनिश्चित गर्नुपर्दछ।
- आन्तरिक नियन्त्रण प्रणाली कार्यविधि तयार गरी कार्यसम्पादनलाई मितव्ययी, पारदर्शी र व्यवस्थित गर्नुपर्दछ। अन्तिम लेखापरीक्षण अगावै आन्तरिक लेखापरीक्षण सम्पन्न गरी सोबाट देखिएका बेहोरा जिम्मेवार व्यक्तिले फर्स्यौट गर्नुपर्दछ।
- वित्तीय अनुशासन कायम गर्न लेखापरीक्षण प्रतिवेदनको सार्वजनिकीकरण तथा बेरुजु फर्स्यौटको कानुनी व्यवस्था एवं संयन्त्र तय गरिनुपर्दछ । लेखा समितिको कार्यसञ्चालन सम्बन्धी कानुन तर्जुमा गरी सो समितिलाई प्रभावकारी बनाई बेरुजु फर्स्यौट कार्यलाई व्यवस्थित बनाउनुपर्दछ।
- सरकारी पेश्की बाँकी रहेकालाई सार्वजनिक पदमा नियुक्ति नगर्ने तथा निर्वाचित हुने पदको हकमा उम्मेदवार हुन वञ्चित गर्ने एवं म्याद नाघेको पेश्कीको विवरण सार्वजनिक निकायले आर्थिक वर्ष समाप्त भएको ७ दिनभित्र सार्वजनिकीकरण गर्ने कानुनी व्यवस्था हुनुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा असुल गर्नुपर्ने बेरुजु कायम रहेकोमा सो फर्स्यौट नगरुञ्जेल वृत्ति विकासमा रोक्का गर्ने तथा नयाँ नियुक्ति नहुने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा बेरुजु कायम भएमा सो व्यक्तिलाई उक्त बेरुजुबारे समयमै जानकारी गराउनुपर्ने र जानकारी नगराउने कर्मचारी उपर विभागीय कारबाही गर्ने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- जिन्सी सामग्री, यन्त्र उपकरण तथा औजारहरु आवश्यकता र औचित्यका आधारमा खरिद गरी उपयोगको सुनिश्चितता हुनुपर्दछ । मौज्दातमा रहेका यन्त्र, उपकरण र औजार मर्मत सम्भार गरी उपयोग हुन नसक्ने अवस्था एकीन गरेर मात्र खरिद गर्नुपर्दछ ।
- जुनसुकै तरिकाले प्राप्त गरेको जिन्सी एवं सार्वजनिक सम्पत्तिको अभिलेख अनिवार्य रूपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स) मा अभिलेख राख्नुपर्दछ।
- सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ अनुसार कार्यालयको जनशक्तिले गर्न नसक्ने कामको लागि मात्र परामर्श सेवा खरिद गरी परामर्शदाता माथिको निर्भरता कम गर्नु पर्दछ । तयार गरिएका विस्तृत आयोजना प्रतिवेदन लगायतका प्रतिवेदनहरू क्रमिक रुपले कार्यान्वयन गर्नुपर्दछ।
- सरकारी डिजिटल सेवाहरूको गुणस्तर, पहुँच र विश्वसनीयता बढाउन सेवा स्तर सम्झौता तथा गोपनीयता सम्झौता अनिवार्य गर्नुपर्दछ। एकै प्रकारको कामको लागि निकायगतरूपमा अलग - अलग सूचना प्रविधि प्रणाली खरिद गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।
- सेवा प्रवाहको प्रभावकारिता लागि नागरिक सचेतना वृद्धि कार्यक्रम गर्नुका साथै नागरिकबाट पृष्ठपोषण प्राप्त गर्ने विधि अवलम्बन गर्नुपर्दछ। समयको उपलव्धता एवं सेवा खरिद गर्ने सामर्थ्य सहितको सेवा प्रवाह तय गरिनुपर्दछ ।
- सेवाग्राही समेतको योगदानमा आधारित रही विभिन्न कोषको स्थापना भएकोमा यस्ता कोषको रकम खर्च गर्दा सेवाग्राहीको हित संरक्षण भएको सुनिश्चितता हुनुपर्दछ ।